## खेतैभरि चिहान

काठमाडौं। भारतको कर्नाटक राज्य सरकारले कोरोना संक्रमणबाट ज्यान गुमाएकाको शव खेतबारीमै अन्त्येष्टि गर्न अनुमति दिएको छ। संक्रमित हुने र ज्यान गुमाउनेको संख्या धेरै नसकेपछि राज्य सरकारले यस्तो अनुमति दिएको अन्त्येष्टि गर्न अनुमति दिइएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्। बेंगलुरुजस्ता शहरका श्मशान र चिहानमा संक्रमितको शव लर्को गरी आउन थालेको छ।

बुधबार कर्नाटकमा २३ हजार ५५८ जना कोरोना संक्रमित थपिएका थिए भने ११६ बाँकी ८ पेजमा


जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी

(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)

Greater Nepal National Weekly

राष्ट्रिय साप्ताहिक


## अयोध्यापुरीमा सीतारामको मूर्ति

काठमाडौं। श्रीरामनवमीका अवसरमा चितवनको माडीस्थित अयोध्यापुरीमा सीतारामको मूर्ति प्रतिस्थापन गरिएको छ। प्रतिस्थापनका लागि राम-सीताको मूर्ति रथयात्रासहित मंगलबार त्यसतर्फ लगिएको हो। प्रधानमन्त्री निवास बालुवाटारमा राखिएका ती मूर्तिको रथयात्रा टोलीलाई मंगलबार बिहान प्रधानमन्त्री केपी शर्मा ओलीले बिदाइ गर्नुभएको थियो।

बिदाइपछि पशुपतिनाथ मन्दिरमा स्वस्तिवाचन र बाँकी ८ पेजमा


वर्ष १० अंक २, २०७८ साल वैशाख १० गते शुक्रबार, नेपाल संवत् ११४१ (April 23, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-


# शक्तिशाली एमाले तीन समूहमा विभाजित





काठमाडौं। सन् २००२ मा सिंगापुरका तत्कालीन प्रधानमन्त्री गोव्हे तोडले राज्यका पाँच मान्यताहरूको घोषणा गरेका थिए- समुदायभन्दा माथि राष्ट्र, व्यक्तिभन्दा माथि समाज, व्यक्तिलाई सम्मान, द्वन्द्वको बदला सहमति, जातीय प्रादेशिक सामञ्जस्य। तर अहिले नेपालमा यी सबै मान्यताहरू भत्किएको अवस्था छ। देशका कुनै पनि नेताहरूले यस्ता मान्यताहरूलाई स्थापित गर्ने जमर्को गरेनन्। यही कारण मुलुकको राजनीति अस्थिर बन्न पुगेको मात्र होइन, प्रणाली नै भत्किने खतरा उत्पन्न भएको छ।

दलभित्रको विवादलाई व्यवस्थापन गर्न नसक्दा उत्पन्न परिस्थितिले सिंगो मुलुकलाई नै प्रभावित बनाएको छ। जनताको वारेस प्रतिनिधिसभालाई प्रभावहीन बनाउँदै लगिएको छ। विजनेश नपाएर शोक प्रस्ताव पारित गर्दै बैठक टुंगिने गरेको संसदको प्रभावकारितामाथि नै प्रश्नचिन्ह उठ्न थालेको छ। संसद पटक पटक सत्ता स्वार्थको कोपभाजनमा पर्दै आएको छ। संसदीय प्रणालीका लागि यस्तो अवस्थालाई शुभ मानिँदैन।

फेरि पनि देश हाँक्ने राजनीतिक दलहरू नै छन्। संसदीय प्रणालीमा दलहरू नै देश र जनताका भावी मानिन्छन्। दलहरू विभाजित र कमजोर भए संसदीय प्रणालीमा खिया लाग्न थाल्छ। अहिले नेपालका राजनीतिक दलहरूको अवस्था निकै टिठलाग्दो देखिएको छ। औपचारिक रुपमा दलहरू विभाजित नभए पनि अनौपचारिक र मानसिक रुपमा हरेक दलहरू विभाजित छन्। संसदभित्रको सबैभन्दा ठूलो र सरकारको नेतृत्व गरिरहेको नेकपा एमाले लगभग विभाजनको संघारमा उभिएको छ। सर्वोच्च अदालतले गत फागुन २३ गते एमाले र माओवादी केन्द्रको एकीकरण प्रक्रिया नै रद्द गरिदिएपछि तत्कालीन नेकपा विभाजित भयो। एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले फागुन २८ मा आफू पक्षीय केन्द्रीय सदस्यहरूको बैठक बोलाएर जुन निर्णय गराए, त्यसले एमालेलाई विभाजनतर्फ धकेल्न सुरु गर्‍यो। केन्द्रीय सदस्य बन्न पार्टी सदस्यता लिएको १५ वर्ष हुनुपर्ने एमाले विधानको प्रावधान मिच्दै माओवादी त्यागेर आएका २३ जना नेताहरूलाई एकैचोटि केन्द्रीय सदस्यमा मनोनित गरे। पार्टी नेतृत्वको ७० वर्षे उमेर हदलाई हटाएर फेरि आफैं नेतृत्वमा बस्ने मार्ग प्रशस्त गरे। नवौं महाधिवेशनले निर्वाचित गरेका पदाधिकारीहरूको जिम्मेवारी खोसे। केन्द्रीय कमिटीलाई महाधिवेशन आयोजक कमिटीमा रुपान्तरित गरिदिए।

विशेषत: आफ्ना विरुद्धमा गतिविधि गर्ने माधव नेपाल, झलनाथ खनाल समूहलाई ओलीले मज्जैले पेलेर भित्तामा पुर्‍याउने रणनीति लिए। यसको जवाफमा नेपाल-खनाल समूहले देशैभरि समानान्तर कमिटी बनाएर ओलीलाई लल्कार्न सुरु गरे। ओली के कम, उनले पार्टी विरोधी गतिविधि गरेको आरोप लगाउँदै यो समूहमाथि कारवाहीको डण्डा बजार्न सुरु गरे। माधव नेपाल, सुरेन्द्र पाण्डे, भीम रावल र घनश्याम भुसाललाई ६ महिनाका लागि पार्टीबाट निष्काशन गरेको निर्णय सुनाए। ओली यत्तिमै रोकिएनन्। उनले नेपाल-खनाल पक्षका २७ जना संघीय सांसदलाई तपाईंको सांसद पद किन खारेज नगर्ने ? भन्दै स्पष्टीकरण माग गर्दै पत्र पठाएका छन्।

ओली आफूलाई समर्थन नगर्ने एमाले सांसदहरूको पद नै चट बनाउन कम्मर कसेर लागेका छन्। यसले एमाले औपचारिक रुपमै विभाजनतर्फ उन्मुख देखिएको छ।

यता नेपाल-खनाल समूह फागुन २८ र चैत ७ का केन्द्रीय कमिटीका निर्णयहरू अवैध हुन् भन्दै आधिकारिकताका लागि निर्वाचन आयोग पुगेको छ। यो समूहले राजनीतिक दलसम्बन्धी ऐनको दफा ४३ अनुसार दलको पदाधिकारी, केन्द्रीय कमिटी र केन्द्रीय कमिटीको निर्णयको आधिकारिकतासम्बन्धी विवाद निरुपणको माग गर्दै बाँकी ८ पेजमा

## नेपालको प्रस्ताव ओलीद्वारा अस्वीकार

काठमाडौं। एमाले अध्यक्ष केपी शर्मा ओली र नेता माधवकुमार नेपालबीच लामो समयदेखिको संवादहीनता तोडिएको छ। ओली र नेपाल पक्षीय नेताहरूबीच गत चैत १ गते पार्टी कार्यालय धुम्बाराहीमा भएको छलफल तिक्ततापूर्वक सकिएपछि यी दुई समूहबीच टकरावको स्थिति पैदा भएको थियो।

बुधबार साँझ झण्डै २ घण्टा ओली र नेपालबीच काठमाडौं नक्सालस्थित होटल मेरियटमा छलफल भएको थियो। भेटमा नेपालले पार्टी जोगाउन ओलीसँग अनुरोध गरेर फर्किएको र आफूले निकटस्थहरूलाई ब्रिफिङ गरेको बताए।

एमाले अध्यक्ष ओलीले एमाले र माओवादीबीचको एकीकरणको पृष्ठभूमिदेखि बाँकी ८ पेजमा

## माले-जनमोर्चा एकिकरण



काठमाडौं। नेकपा माले र जनमोर्चा नेपालबीच पार्टी एकीकरण भएको कुरा नेकपा मालेद्वारा एक विज्ञप्तिमार्फत जानकारी गराइएको छ। पार्टीद्वारा जारी विज्ञप्तिमा भनिएको छ- 'आज नेकपा (माले) को केन्द्रीय कार्यालय, रातोपुल, काठमाडौंमा नेकपा (माले) र जनमोर्चा, नेपाल बीच पार्टी एकिकरण सम्पन्न भएको छ। नेकपा (माले) का महासचिव क.सी.पी.मैनालीको उपस्थितिमा सम्पन्न एकिकरणको घोषणा-सभामा जनमोर्चा, नेपालका अध्यक्ष क.दुर्गा प्रसाद जैसी (महेन्द्र), महासचिव क.सुर्य रेग्मी तथा कोषाध्यक्ष क.श्रीकृष्ण गौतम नेतृत्वको जनमोर्चा, नेपालको सम्पूर्ण पार्टी-पद्धति नेकपा (माले) मा समाहित बाँकी ८ पेजमा

## भारतले बलजफ्ती राख्यो नेपाली भूमिमा बोर्ड

काठमाडौं। भारतले सप्तकोसी सम्झौताविपरीत नेपाली भूमिमा बोर्ड राखेको छ। कोसीको पूर्वी तटबन्ध क्षेत्रमा भारत सरकारको बोर्ड राखेको हो। भारतले नेपाली भूमिमा भारत सरकारको बोर्ड राख्नु कूटनीतिक मान्यताविपरीत हो।

भारतले सप्तकोसीको पूर्वी तटबन्ध क्षेत्रको बराहक्षेत्रको प्रकाशपुर राजावास सब-डिभिजन २४.१० र २४.४५ को स्पर मर्मत भइरहेको स्थानमा भारत सरकारको बोर्ड राखेको छ।

यो क्षेत्रमा फागुनदेखि नै स्पर मर्मत भइरहेको छ। कोसीसम्झौता अनुसार कोसी ब्यारेज, पूर्व र पश्चिम तटबन्धको पुनःनिर्माण गर्दा नेपाल सरकारको साझेदारी र सहमतिमा मात्रै कुनै पनि काम गर्न पाउने नियम छ। यसरी भारत सरकारले राखेको बोर्ड हटाउन स्थानीले माग गर्दै आएका छन्।

कोसी सम्झौता अनुसार सप्तकोसी ब्यारेज र तटबन्ध निर्माण गर्दा नेपालसँगको साझेदारीमा गर्नुपर्ने उल्लेख गरिएको छ। बाँकी ८ पेजमा

## अख्तियारको मनोपोलीलाई सर्वोच्चको लगाम

काठमाडौं। सर्वोच्च अदालतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गर्दै आएको 'स्टिङ अप्रेसन' लाई अवैध ठहर गरेको छ। सर्वोच्चको फैसलाले विशेष अदालत र सर्वोच्च अदालतमा विचाराधीन रहेका ४ सय २४ वटा 'स्टिङ अप्रेसन' को मुद्दा खारेज हुने भएको छ। प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको नेतृत्वमा न्यायाधीश दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की र ईश्वरप्रसाद खतिवडा रहेको संवैधानिक इजलासले यस्तो रिट जारी गरेको हो।

सर्वोच्चको फैसलासँगै अब अख्तियार दुरुपयोग अनुसन्धान आयोगले 'स्टिङ अप्रेसन' गर्न नपाउने भएको छ। अख्तियार आफैंले घुस रकम बाँकी ८ पेजमा

## चीनले बोआओमा बोलाएन नेपाललाई




काठमाडौं। नेपालले अँगालेको परराष्ट्र नीति असंलग्न हो। पञ्चशीलको सिद्धान्त र संयुक्त राष्ट्रसंघको बडापत्रलाई परराष्ट्र नीतिको मुख्य आधार मान्ने गरिएको छ। दोस्रो विश्वयुद्धताका अमेरिका र सोभियत रुसको रुपमा विश्व दुई ध्रुवीय बन्यो र सैन्य संगठनहरूको बोलवाला बढ्यो। त्यसबेला शस्त्रास्त्रको होडबाजी र शीतयुद्धले तीव्रता पायो। त्यही बेला शक्ति राष्ट्रको चेपुवाबाट बच्न असंलग्न आन्दोलन प्रखर रुपमा आयो। तर नब्बेको दशक आउँदा नआउँदा जब पूर्वी युरोप र सोभियत संघमा समाजवादको पतन भयो र सोभियत संघको विघटन भयो, विश्व पुनः एक ध्रुवीय बन्यो र त्यसको नेता अमेरिका बन्यो। परिणामस्वरुप असंलग्न आन्दोलनको औचित्य समाप्त भयो। अहिले सैन्य रुपमा विश्व एक ध्रुवीय भए पनि आर्थिक रुपमा बहुध्रुवीय बनेको छ। त्यसको प्रमाणका रुपमा चीन छ, जो विश्वको दोस्रो ठूलो अर्थतन्त्र बनेर आर्थिक रुपमा अमेरिकालाई चुनौती दिने अवस्थामा आइपुगेको छ।

यसको प्रभाव नेपालको अन्तर्राष्ट्रिय सम्बन्धमा पनि पर्नु स्वाभाविक हो। हिजो आफूलाई असंलग्न आन्दोलनको अभियन्ता भनेर जोगिन सकिन्थ्यो अहिले त्यस्तो अवस्था छैन। कि त अमेरिकातिर कि त चीनतिर ढल्किनुपर्ने परिस्थिति सिर्जना भएको छ। चीन बीआरलाई बोकेर विश्व बजारमा पकड जमाउने कसरतमा छ भने अमेरिका इन्डोप्यासिफिक स्ट्राटेजीमार्फत चीनलाई रोक्ने बाँकी ८ पेजमा

## सेमी लकडाउन सुरु

काठमाडौं। कोरोना संक्रमण बढेसँगै सरकारले जोखिम न्यूनीकरणका लागि विभिन्न आदेश जारी गरेको छ। मन्त्रिपरिषद् बैठकले संक्रामक रोग ऐन, २०२० को दफा (२) बमोजिम आदेश जारी गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले जानकारी दिए।

सरकारले काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका महानगरपालिका, नगरपालिका, विराटनगर, वीरगञ्ज, भरतपुर र पोखरा महानगरपालिका, इटहरी, धरान, जनकपुर, हटौंडा, बुटवल, घोराही, तुलसीपुर, नेपालगञ्ज र धनगढी उपमहानगरपालिका, मेची नगर, विर्तामोड, दमक, राजविराज, बनेपा, धुलिखेल, सिद्धार्थनगर, बीरेन्द्रनगर तथा भीमदत्तनगर नगरपालिकामा रहेका शैक्षिक संस्था, विद्यालय, इन्स्टिच्युट, तालिम केन्द्रलगायतलाई यही वैशाख मसान्तसम्म भौतिकरुपमा उपस्थित नभई भर्चुअल तथा वैकल्पिक शिक्षण सिकाइ विधि अपनाई सञ्चालन गर्न आदेश जारी गरेको छ। बाँकी ८ पेजमा

## स्वास्थ्य सतर्कतासाथ रामनवमीमा भक्तजनहरु

काठमाडौं। श्रीराम नवमीका अवसरमा स्वास्थ्य सतर्कता अपनाउँदै भौतिक दूरी कायम गरेर भक्तजन राम मन्दिरमा पूजा आराधना एवं दर्शन गर्न पुगेका छन्।

राजधानीको बत्तीसपुतलीस्थित श्रीरामचन्द्र मन्दिर, पशुपतिस्थित राममन्दिरलगायत देशभरका राम मन्दिरमा भक्तजन सतर्कतासाथ पुगेका हुन्। रामनवमी पर्वका अवसरमा बिहान चार बजेदेखि नै बत्तीसपुतलीस्थित श्रीरामचन्द्र मन्दिर खुला गरिएको मन्दिर व्यवस्थापन एवं पुनःनिर्माण समितिका सदस्य सचिव डा गोविन्द टण्डनले बताए। श्रद्धाभावसाथ मन्दिर आउने भक्तजनलाई २५/२५ जना गरेर मन्दिरभित्र प्रवेश गराई पूजा आराधना र दर्शन गर्ने व्यवस्था बाँकी ८ पेजमा


## विदेशी लगानी १ खर्ब ८३ अर्ब

काठमाडौं। हाल नेपालमा कुल वैदेशिक लगानी १ खर्ब ८२ अर्ब ९१ करोड ९६ लाख रुपैयाँ रहेको एक अध्ययनले देखाएको छ। बुधवार राष्ट्र बैंकले सार्वजनिक गरेको प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी प्रतिवेदनअनुसार चुक्ता पूँजी, ऋण र सञ्चित कोषसमेतमा गरी सोबराबर विदेशी लगानी हाल मुलुकमा रहेको छ।

प्रतिवेदनअनुसार २०७५/७६ मा अघिल्लो आर्थिक वर्षको तुलनामा प्रत्यक्ष विदेशी लगानी ८ दशमलव ८ प्रतिशतले घटेर एक खर्ब ८२ अर्ब रुपैयाँमा कायम भएको हो। त्यसअघिको आर्थिक वर्षमा ०७४/७५ सम्म विदेशी लगानी २ खर्ब ५४ करोड रुपैयाँ पुगेको थियो। कम्पनीहरूको विदेशी लगानीको सञ्चिती रकममा ह्रास आएसँगै मुलुकमा कायम विदेशी लगानीको रकम पनि घट्न पुगेको हो। मुलुकमा रहेको कुल विदेशी लगानीमध्ये सबैभन्दा ठूलो हिस्सा चुक्ता पुंजीको छ। कुल १ खर्ब ८३ अर्ब विदेशी लगानीमध्ये चुक्ता पुंजी ८८ अर्ब अर्थात् ४८ बाँकी ८ पेजमा

समय सन्दर्भ

## रामनवमीको महत्व



चैत्र शुक्ल नवमीका दिन मर्यादा पुरुषोत्तम भगवान् रामचन्द्रको सम्झनामा श्रद्धा र भक्तिपूर्वक पूजा आराधना गरी 'रामनवमी' पर्व मनाइन्छ। असत्यमाथि सत्यको विजय तथा भगवान् श्रीरामको सम्झनामा मनाइने रामनवमी पर्वका उपलक्ष्यमा भगवान् रामचन्द्रका मन्दिरहरूमा पूजापाठ गरिन्छ। आज जनकपुरस्थित रामजानकीको मन्दिरमा मेला भर्न नेपाल तथा भारतका नरनारी पुग्छन्।

त्रेतायुगमा आजकै दिन अयोध्यामा भगवान् श्रीरामको जन्म भएको स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डहरूमा स्नानका साथ व्रत बसी रामगीता पाठ, अध्यात्म, वाल्मीकीय, तुलसीकृत र भानुभक्तीय रामायण वाचन गर्ने र भगवान् रामको पूजा आराधना गरी रातभरि भजनकीर्तन गर्ने परम्परा छ।

आजका दिन व्रत बसी श्रीरामको पूजापाठ र जपध्यान गर्नाले चिताएको कार्य पुरा हुने र अर्को जन्ममा बैकुण्ठ वास हुने कुरा 'व्रतार्क' नामक धर्मग्रन्थमा उल्लेख छ। यसै विश्वासका आधारमा आज लाखौं भक्तजन व्रत बसी श्रीरामचन्द्रको पूजा आराधना गर्छन्।

अयोध्याका राजा दशरथका जेठा छोरा भई भगवान् विष्णुको छैटौं अवतारका रुपमा जन्मनुभएका श्रीरामले मिथिलाका राजा जनककी छोरी सीतासँग विवाह गर्नुभएको थियो। उहाँले संसारबाट पापी तथा दुष्ट राक्षसहरूको नाश गर्नुभएको र आफ्ना पिताको कठोर आज्ञालाई सहजतापूर्वक ग्रहण गरी मानव जातिलाई सत्यको बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

## गणतन्त्रको उपहास

सत्ताको फोहोरी खेलको पुनरावृत्ति नराम्रोसँग भएको छ । विगत लामो समयसम्म सत्ताको लागि सांसदहरूको किनबेच, एकैपल्ट आधा दर्जन मन्त्री बैंकक पुगेर सुरा, सुन्दरीमा मस्त रहेका समाचारले जनताका कान भरिने गरेका थिए । संसदीय प्रणालीमा देखिएका विकृति विसंगतिलाई झटारो हान्दै अलि कडा कम्युनिस्ट हुँ भन्नेहरू संसदलाई 'खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने ठाउँ' को उपमा दिन्थे । अहिले तिनै सक्कली कम्युनिस्टहरू नै संसदमा बगरे बनेर कुकुरको मासु बेच्ने काममा तल्लीन देखिन्छन् । संघीय संसदकै बेहाल भएको अवस्थामा प्रदेश संसदमा क्षणभरमै नयाँ नयाँ नौटंकी मञ्चन भइरहेका छन् । कर्णालीमा फ्लोरक्रस गर्नेले पुरस्कारको रूपमा मन्त्री पद हात लगाए भने लुम्बिनीमा अविश्वासको प्रस्तावमा सही गर्नेहरू नै मन्त्री बनेर सरकारको रक्षक बन्न पुगे । यी सबै तमासा हेरिरहेका जनताको भागमा लोकतन्त्रको फल त परै जाओस् वनको काफल समेत पर्न सकेको छैन । लोकतान्त्रिक गणतन्त्रको यो उपहासले मुलुकको राजनीतिक भविष्य फेरि अँध्यारो सुरूङतर्फ नै जान लागेको त होइन भन्ने गम्भीर प्रश्न उब्जिएको छ ।

नेपालको संविधान २०७२ बनाउने मुख्य पात्रहरूले भन्ने गरेका थिए– 'अब मुलुकमा संविधानले राजनीतिक स्थिरता दिन्छ, अस्थिरताका सबै ढोका बन्द गरेका छौं । तर छोटो अवधिमै यो मिथ्या सावित बन्न पुग्यो । संविधानमा अस्थिरताको ढोका मात्र होइन, हवाङ्ग परेको खुल्ला गेट नै भेटे जसरी राजनीतिका खेलाडीहरू उफ्रिरहेका छन् । सर्वोच्च अदालतले संसद पुनःस्थापना गरे पनि पुनःस्थापनाको माग गर्दै संघर्ष गर्ने दलहरूले विकल्प दिन सकेनन् । दलैपिच्छे भएको विदेशीको घूसपैठले गर्दा आफ्नो दलको र मुलुकको स्वार्थभन्दा विदेशी प्रभुको स्वार्थ हेर्नेहरू, अनि विदेशीलाई कम्फर्टेबल हुने सरकार बनाउन खोज्नेहरूको आपसी स्वार्थ बाझिनाले गर्दा ओली सरकार अझै निर्विकल्प बन्न पुग्यो भने ओलीले सरकारको आयु लम्ब्याउने नाममा पुनःस्थापित संसदको फेरि स्थगन गरिदिए । सत्ताको दाउपेच, झिनाझाम्टा र फोहोरी खेलले गर्दा जनता र देशको हाल दिनानुदिन बेहाल बन्दै गएको छ ।

मुलुकको विकासको गति कछुवा शैलीमा मात्र अघि बढेको छ । विकास बजेट खर्च हुन सकेको छैन भने कामै बिनाका सेता हात्तीका रूपमा खडा भएका राज्यका संयन्त्रहरूमा भएको साधारण खर्च धान्नै नसक्ने अवस्थामा पुगेको छ । प्रधानमन्त्री शिलान्यास र उद्घाटनमा मस्त देखिन्छन् । उट्पट्याङ भाषण गालीगलौजमा प्रधानमन्त्रीलगायत शीर्ष नेताहरू उत्रिएको पाइन्छ । मुलुकलाई कसरी समृद्ध बनाउने, जनतालाई कसरी सुखी बनाउने भन्नेबारेमा कुनै सभा, समारोह, सेमिनार आयोजना भएको पाइँदैन । बरू आआफ्नो राजनीतिक डम्फु बजाउने समारोह फजुल खर्चमा आयोजना भइरहेका छन् । रोग, भोक, अशिक्षा, गरिबीले ग्रसित जनतालाई गाडीमा खचाखच कोचेर आमसभाहरूमा पालैपालो कुदायका दृश्यले लोकतन्त्रको कुरूप चित्र अझ छर्लंग बनाइरहेको छ । जनताको ठूलो त्याग तपस्या बलिदानीबाट प्राप्त लोकतान्त्रिक गणतन्त्रको यति ठूलै उपहास र बद्नामी गरेकै कारण प्रतिगामी शक्तिहरूले अहिले शिर ठड्याइरहेका छन् । लोकतन्त्रको रक्षाका लागि फेरि पनि जनता एकजुट भएर जुर्मुराउनुपर्ने अवस्था आइसकेको छ । सत्ताको खेलसँगै मिसिएर आएको एमसीसी पास गराउने खेललाई फेल गराउन पनि जनताको बलियो खबरदारी आवश्यक छ ।

# संसद नराम्ररी नांगियो



**सुरेन्द्र ढकाल**

राजा महेन्द्रले २०१७ सालमा संसदीय व्यवस्था अन्त गरी एक दलीय व्यवस्थाको सुरुवात गर्दा संसदीय व्यवस्थामा राष्ट्रिय स्वार्थभन्दा दलीय स्वार्थ ठूलो हुने कारण राष्ट्रघात हुने कुरा उल्लेख गर्दै संसदीय व्यवस्थाको अन्त गरेका थिए । अर्कोतर्फ एक दलीय जनगणतन्त्रमा विश्वास गर्नेहरूले संसद भनेको खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने व्यवस्था हो, संसद भनेको गफ गर्ने स्थलमात्रै हो भन्दै आएका हुन् ।

नेपालमा पनि जनयुद्धमार्फत जनगणतन्त्र स्थापना गर्ने लक्ष्य लिएको माओवादी आफ्नो लक्ष्यमा स्खलन हुँदै त्यही संसदीय भासमा आएर जाकिएको थियो । मदन भण्डारीले जनताको बहुदलीय जनवाद प्रतिपादन गर्दा बहुलवाद र संसदवाद नै तत्कालिन एमालेको अन्तिम लक्ष्य भनेका थिए । तर संसद अन्तमा आएर बेकम्मा सावित भएको छ । यो कसले गऱ्यो भन्दा ससंदवादीले नै गरे भन्नु पर्दा संसदीय व्यवस्थाका लागि जेलनेल जानेहरू यसका हत्यारा सावित हुन पुगेका छन् ।

उदाहरणका लागि यसपालि संसद बस्यो र केही कामै नगरी, विनाकाम अन्त पनि भयो । प्रधानमन्त्री ओली एक दिन पनि संसदमा उपस्थित भएनन् । यसका लागि उनले सभामुखलाई दोष लगाए अनि सभामुखले प्रधानमन्त्रीलाई । राष्ट्रघाती एमसिसि विधेयक संसदबाट पासै गराएर छोड्ने ओलीको योजनामाथि घात गरेको आरोप छ सभामुखलाई ।

उता सभामुख कुनै हालतमा एमसिसिलाई भोटिङका लागि टेबल गर्ने पक्षमा छैनन् । सरकार र

**संसदीय व्यवस्थामा नै संसद नांगिनु, संसद बेवारिसे हुनुले यो राजनीतिक व्यवस्थाको भविष्य कस्तो होला भनेर सर्वसाधारण जनता सोच्न थालिसकेका छन् । १७ सालमा संसदीय व्यवस्था दुई वर्ष पनि चल्न नदिई खारेज गर्दा काठमाडौंका जनताले त्यसै दिपावली गरेको होइन रहेछ भन्न थालेका छन् अहिले ।**

व्यवस्थापिकाबीच भएको यस भीडन्तले संसदीय व्यवस्थाको उपहास गरिरहेको छ । वेष्ट मिनिस्टर प्रणालीको संसद यति बलियो हुन्छ कि यसले आईमाईलाई लोग्ने मान्छे र लोग्ने मान्छेलाई आईमाई मात्रै बनाउन सक्दैन अन्य कुरा जे पनि गर्न सक्छ भन्ने सोचाइ राख्छन् अंग्रेजहरू । तर त्यही संसदीय व्यवस्थाअन्तर्गतको नेपाली संसद अहिले बेवारिसे बनेको छ ।

२०४६ सालमा पञ्चायत ढलेर बहुदलीय व्यवस्थाको पुनःस्थापन हुँदा ठूलै ऐतिहासिक उपलब्धि भयो, अब जनताका दिन आए भन्नेहरू ३० वर्षमा बहुदलीय व्यवस्थाले गरेको राष्ट्रघात, भ्रष्टाचार, असक्षमता, असुरक्षा र बलात्कार देखेर आफैं लज्जित हुन पुगेको अवस्था छ अहिले । एउटा राजा गए हजारौं राजा आए, एउटा राजाको खर्च थेग्न नसक्ने देश अहिले ऋणको बोझ जनताको थाप्लोमा हालेर सयौं नवराजाहरूको खर्च धानिरहेको छ । महँगा गाडी र सुख सुविधामा तथाकथित सर्वहाराका नेता भन्नेहरू मस्त छन् । यस्तो अवस्था झन् बढ्दै गयो भने के होला ? कसैले सोचेको छ ?

संसदीय व्यवस्थामा नै संसद नांगिनु, संसद बेवारिसे हुनुले यो राजनीतिक व्यवस्थाको भविष्य कस्तो होला भनेर सर्वसाधारण जनता सोच्न थालिसकेका छन् । १७ सालमा संसदीय व्यवस्था दुई वर्ष पनि चल्न नदिई खारेज गर्दा काठमाडौंका जनताले त्यसै दिपावली गरेको होइन रहेछ भन्न थालेका छन् अहिले ।

संसदीय व्यवस्थामै संसदको यसरी हरिबिजोग हुन्छ भन्ने कसले सोचेको थियो र ? अन्ततः संसदीय व्यवस्थामै संसद नराम्ररी नांगियो ।

# शक्तिसंघर्षले अराजकता फैलाउँदै

● **उपेन्द्र झा**

देश र जनताप्रति वफादार रहने शपथ लिएर जब जनप्रतिनिधिहरू निजी स्वार्थ परिपूर्तिमा केन्द्रित हुन्छन् अनि पार्टीपंक्तिमा मात्र होइन, आम जनतामा पनि राजनीतिक अराजकता बढ्न थाल्दछ । जतिसुकै शक्तिशाली सरकार पनि शासन चलाउन असक्षम सावित हुन्छन् । अहिले त्यही अवस्था विद्यमान छ ।

देश र जनताप्रतिको जवाफदेहिता, देश विकासको जिम्मेवारी, नियम कानून, जनप्रतिनिधिको अधिकार र कर्तव्य आदि सबै कुरा तब भष्मीभूत हुन्छन् जब मानिस राजनीतिमा धनार्जन गरेर चीरकालसम्म आफूलाई राजनीतिमा बनाइ राख्न निकृष्ट प्रपञ्च रच्छ । त्यो बेला मानिसमा मानवीय गुण केही शेष रहँदैन र उ आफूलाई जतिसुकै ठूलो राजनीतिक खेलाडी सम्झेपनि जनताको विश्वास गुमाएको निरीह प्राणी मात्र हुन्छन् ।

देशले पाएको शक्तिशाली सरकार देश र जनताको आर्थिक उन्नतिमा प्रयोग नभई शक्ति संघर्षमा लागेर आफ्नो जिम्मेवारीबाट पन्छिएको छ । नेकपाभित्र जन्मिएको शक्ति संघर्ष उत्कर्षमा पुग्दा दुई चिरा नेकपा माओवादी केन्द्र र नेकपा उमालेमा विभक्त भएको छ । प्रतिशोधको चरम अवस्था दुवै पार्टीभित्र परिलक्षित भइरहेको छ । नेकपा माओवादी केन्द्र र एमाले पार्टीमा विभक्त भएपछि एमालेका नेताहरू तथा माओवादीका नेताहरू दुवैतिर परेर कारबाहीमा परेका छन् । प्रतिशोधको यो ताण्डव चर्को रुपमा अगाडि बढेपनि माओवादी केन्द्रले ओली सरकारलाई दिएको समर्थन फिर्ता लिएको छैन । विरोध र समर्थन समान रुपले अगाडि बढाएको माओवादी के गर्ने भन्ने बारेमा प्रष्ट छैन ।

**मधेशका लागि राजनीति गर्ने पार्टीहरूका अगुवाहरूमा मुद्दाप्रतिको अडान स्पष्ट दृष्टिकोण, इमानदारिता, नैतिकता र कुशल नेतृत्वको भन्दा अवसरका लागि जे पनि गरिहाल्ने प्रवृत्ति, चाटुकारिता आदि दुष्प्रवृत्तिको विकास बढी भएकोले मधेशमा असन्तुष्टता, अविश्वासको माहौल व्याप्त छ ।**

ओली सरकारको कडा प्रतिवादमा उत्रेको माओवादी केन्द्र समर्थन फिर्ता नलिनुका पछाडि विभिन्न कारण हुन सक्दछ ।

(क) विगतमा आफ्नो स्वतन्त्र अस्तित्व बचाउन कही न देखिंदा एमालेसँग मिसिएर अस्तित्व बचाएको यथार्थलाई छोड्न नसक्ने बाध्यता । (ख) माओवादीलाई एक्ल्याएर राज्यसत्ताद्वारा माओवादीमाथि प्रहार हुने डर । यी प्रमुख कारणले माओवादीले स्पष्ट धारणा बनाउन सकेको देखिन्न ।

सदियौंदेखि आन्तरिक औपनिवेशिक उत्पीडनमा परेको मधेशले विद्रोहमार्फत् सशक्त नेतृत्वपंक्तिलाई जन्म दियो । दरिद्र मानसिकताका नेतृत्वपंक्तिका अगुवाहरू मधेशको मुद्दालाई निजी स्वार्थका लागि प्रयोग गर्दै जाँदा मधेशको मुद्दा गतिहीन त भयो नै जनविश्वास गुमाएर आफ्नो छवि पनि बिगाऱ्यो ।

निजी स्वार्थमा केन्द्रित भएर राष्ट्रिय राजनीतिक दलहरूको सेवा गर्दै जसरी बदनाम भयो, प्रदेशमा पनि यसको प्रभाव गहिरो रुपमा देखिएको छ । मधेशका लागि राजनीति गर्ने पार्टीहरूका अगुवाहरूमा मुद्दाप्रतिको अडान स्पष्ट दृष्टिकोण, इमानदारिता, नैतिकता र कुशल नेतृत्वको भन्दा अवसरका लागि जे पनि गरिहाल्ने प्रवृत्ति, चाटुकारिता आदि दुष्प्रवृत्तिको विकास बढी भएकोले मधेशमा असन्तुष्टता, अविश्वासको माहौल व्याप्त छ ।

ओलीकै कारण राजपा र समाजवादी पार्टीको रातारात एकीकरणको लगनगाँठो कस्सिएको थियो । मुद्दाभन्दा व्यक्तिगत स्वार्थको टकरावका कारण वर्षौंदेखि मिल्न नसकेको दुवै पार्टी फुट्ने डरले एकीकृत भएर जनता समाजवादी पार्टीको रुपमा तेस्रो वैकल्पिक शक्ति बनेको थियो । माथिदेखि तलसम्म समितिहरूको समायोजन प्रक्रिया पूरा नहुँदै अहिले पुनश्चः ओलीकै कारण जसपा विभाजनको अन्तिम चरणमा पुगेको छ ।

नेकपा विभाजनपछि जसपाको महन्थ ठाकुर र राजेन्द्र महतो समूहलाई आफ्नो समर्थनमा ल्याउन पूर्वराजपाले सारेको पाँच मागमध्येमा रेशम चौधरीको रिहाइ तथा मुद्दा लागेका राजबन्दीहरूको मुद्दा फिर्ता लिई रिहाई गर्नुपर्ने मागलाई ओली सरकारले स्वीकार गरी तत्काल कारबाही अगाडि बढाएबाट महन्थ ठाकुर र राजेन्द्र महतो ओलीको समर्थनमा उभिएका छन् भने ओली सरकार प्रतिगामी भएकोले वैकल्पिक सरकार बनाउन ओलीको विरुद्धमा उपेन्द्र यादव र डा.बाबुराम भट्टराई उत्रेका छन् । जतिसुकै माग पूरा हुँदा अवसरको भरपूर लाभ लिनु कुनै मुर्खता होइन ।

ओली नेकपा एमालेको अध्यक्षको हैसियतले पार्टीलाई शक्तिशाली तथा बाँकी कार्यकालसम्म आफ्नो सरकारलाई टिकाउन सत्ताको भरपूर उपयोग गरेका छन् । नेकपा विभाजनपछि प्रचण्ड-नेपाल समूह बहुमतमा देखिए पनि विस्तारै अल्पमतमा पर्दै गएबाट वैकल्पिक सरकार गठनको प्रयास तुहिएको छ । नेपाली कांग्रेस आफ्नो नेतृत्वमा वैकल्पिक सरकार बनाउन आन्तरिक दबाब झेलिरहे पनि चुनावमा जाने शेरबहादुर देउवाको ठम्याई छ । शेरबहादुर देउवा, ओलीनजिक रहेर भरपूर फाइदा उठाउने रणनीति बनाएको छ ।

यसरी प्रचण्ड-नेपाल समूह, जसपा र नेपाली कांग्रेसको समीकरण बन्न सजिलो होइन, कठिन छ । ओली आफ्नो वर्चस्व बनाई राख्न सफल देखिएको छ । जसपाको एउटा ठूलो खेमा ओलीको समर्थनमा आएपछि ओलीलाई चुनौती दिन विपक्षीलाई सजिलो छैन । कोही मुद्दाको डरले, कोही अवसर पाउने इच्छाले, कोही अपराधिक कारबाहीबाट बच्न ओलीको समर्थनमा आउँदा ओली विस्तारै मजबुत भएका छन् ।

गैरमधेशी पार्टीमा हानी-लाभको आधारमा विभाजन र एकीकरण हुनछ । उग्र विचारको माओवादी भाषणमा ठाडो विरोध गरेपनि समर्थन फिर्ता नलिएर सरकारसँग सहानुभूति सम्बन्ध बनाइराखेको छ । तर मधेशी पार्टीमा पानी बाराबारको स्थिति विद्यमान रहेका कारण यतिका दिनमा कसैको कसैसँग मन मिलेको छैन । गैरमधेशी पार्टी फुटेर पनि मिल्ने सम्भावना बढी छ । मधेशी पार्टी फुट्यो भने पुनः तत्कालै मिल्ने सम्भावना कम छ ।

देश र जनताप्रतिको जवाफदेहिताबाट पन्छिएर राजनीतिलाई व्यक्तिगत स्वार्थमा उपयोग गरेर हिंडेपछि यस्तै शक्ति संघर्षले देशमा अराजकता फैलाउँछ र देश र जनताको कार्य ठप्प हुन्छ । यस्तै तरलीकृत राजनीतिमा शक्तिकेन्द्रले खेल्ने ठाउँ पाउँछ । सत्ता समीकरणको दाउपेंचमा संलग्न पक्ष विपक्ष एक दिन राजनीतिक वृतबाट अलग फ्याँकिने घटनाहरू पनि प्रशस्त छन् । कोही देश र जनताको बारेमा सोच । देशलाई संकटबाट बाहिर निकाल्ने साहस देखाउ ।

# खड्ग ओलीको प्रवृत्ति र उनका केही हस्तीहरू

■ **सुदर्शन प्रधान**

एउटा परिवारमा खराब मनोवृति बोकेर कुनै सदस्यले घातक कर्महरू गर्छन् भने उनलाई सचेत परिवारले बेलैमा आवश्यक सजाय दिन सक्नुपर्छ । अन्यथा उ बाट झन् झन् ठुला दुश्कर्महरू हुन पुग्छ । त्यसरी नै समाजमा बसेर समाज विरोधी क्रियाकलापहरू गर्ने मान्छेलाई पनि तुरुन्त कानुनी दायरामा ल्याई दण्ड जरिवाना दिनुपर्छ । अन्यथा उनले समाजको विभिन्न परिवार र व्यक्तिहरूलाई निरन्तर दुःख हैरान दिइरहन्छ । दुरुस्तै राजनैतिक पार्टी भित्रको कुनै नेता तथा कार्यकर्ताले जनता, राष्ट्र र पार्टी विरुद्ध कुनै हर्कत गर्छन भने तीनलाई पनि तुरुन्त उचित सजाय दिनसक्नुपर्छ । अन्यथा तिनले पनि जनता, राष्ट्र र पार्टीलाई बर्वादको पथमा दोहोऱ्याउछ । नेपालको राजनैतिक इतिहासमा खड्गप्रसाद ओली त्यस्ता व्यक्ति हुन् जसले महाकाली सन्धि गरेर भारतलाई सुम्पन उनको पार्टीमा षडयन्त्र र अगुवाई गरे, राजतन्त्रको अन्त र गणतन्त्र स्थापनामा निर्णायक भूमिका खेल्ने नेकपा (माओवादी) पार्टीलाई आतंकवादी र अपराधिहरूको पार्टी भनेर निरन्तर वक्दै आए तर २०७२ आश्विन र २०७४ मंसिरमा दुई पटक उनै नेकपा (माओवादी केन्द्र) को टाउकोमा टेकेर प्रधानमन्त्री बन्न सफल भए र दुवै पटक द्वन्द्वकालीन मुद्दाहरू ब्यूँताएर कमरेड प्रचण्ड लगायत सम्पूर्ण नेतृत्वहरूलाई हेगको कठघरामा उभ्याउने र जेल हाल्ने हर्कतहरू गरे । नेपालको राजनैतिक माहौल अत्यन्त प्रदुषित हनाको परिमाण हो यो । जहां स्वच्छ छवि भएका र जनता राष्ट्को उज्वल भविष्यको लागी चीन्तनसिल र क्रियसिल व्यक्तिहरूलाई अगाडी बढ्न प्रतिकुलता मात्र हात लाग्छ तर खड्ग ओलिजस्ता मान्छेहरूलाई अनुकुलतामात्र मिल्छ । यसपछाडीको मुल कारक नेपाली समाजको अर्थ राजनितिक, अर्थ सामाजिक र अर्थ संस्कुतिले विशिस्ट भुमिका खेलिरहेछन् । जुन कुराहरूलाई पूर्ण भेदन गरेर मात्र खड्ग ओलि प्रवृतिलाइ पराजित गर्नसकिन्छ । यहाँ खड्ग ओलि र उनको केहि पिछुवाहरूका प्रवृत्तीहरू वरे विवेचना गरौं ।

खड्ग ओलीले आफुलाई प्रथम श्रेणीको राष्ट्रवादी भन्दै भारतले २०७२ आश्वीनमा नेपालमा नाकाबन्दी गर्दा त्यसलाई सफलता पूर्वक चिरेको र चिन संगको सम्बन्ध प्रगाढ बनाएको अनि नेपालको कालापानी क्षेत्रको चुच्चो नक्सा छापेको दावि गर्छ । बास्तवमा २०७२ आश्विनमा नेपालको संघिय संविधान घोषणा पछि आन्दोलनमा उत्रेका मधेसवादी दलहरू भारतको ईसारामा तराई बन्दको अभियानमा मात्र होइन की खड्ग ओली प्रधानमन्त्री बन्ने संभावना भएपछी उनै भारतको निर्देशनमा तराईवादी पार्टीहरू ओलीको विपक्षमा नेकाको प्रधानमन्त्रीका उम्मेदवार सुसिल कोईरालालाई मतदिन पुगे । भारतको अघोषित नाकाबन्दीको घडीमा त्यसको विरुद्ध जो कोही जानुपर्थ्यो अन्यथा ति देशद्रोहीमा दरिन्थ्यो ।

प्रधानमन्त्री बनेको खड्ग ओलीले त्यसको श्रेय आफुले लिन खोज्नु दुश्कर्म हो, किनकी नेपाली जनताको एक्यबद्धता र नेपाल प्रति उत्तरी छिमेकी देश चिनको सद् भाव र आत्मीयता त्यसको प्रमुख कारणहरू हो । नाकाबन्दी चिर्न । एक देशभक्त नेता र व्यक्तित्व त निरपेक्ष रुपमा त्यो पथमा लागीरहन्छ , जस्तो सुकै घडीमा पनि । खड्ग ओलीको पछिल्लो नक्कली देशभक्तको मुकुण्डो कसरी पनि उत्रन्छ भने नेपाली जनतालाई चिनले गएको माघमा ३ लाख र फागुनमा महिनामा ५ लाख जम्मा , ८ लाख र कोरोना विरुद्धको खोप निशुल्क उपलब्ध गराउन तयार भयो । तर चैत्र ८ गतेसम्म पनि उक्त खोप ल्याउन ओली सरकार तयार भएको छैन जवकी भारतले दिएको ६ लाख खोपचाहीँ तुरुन्त ल्यायो । यही हो नेपाली जनता प्रतीको इमान्दारीता र देशभक्ति ?

स्मरणहोस २०७६ कार्तीक महिनाको दोश्रो हप्ता भारतले नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रको ३७२ वर्ग कि.मि. भुभाग आफ्नो देशको नक्सामा छापेपछी नेपाली जनताले त्यसको विरुद्ध देशव्यापी विरोध गरे र समिाविद वुद्धीनारायण श्रेष्ठ लगाएत वौंध्दिक, लेखक, पत्रकारहरूले ऐतिहासीक र व्यवाहारीक तथ्यहरू प्रमाणहरू अगाडी सारेर भारतलाई नाङ्गेझार पारेका हुन । तर त्यहीवेला मंसीरको तेस्रो हप्ता अयोध्यावाट राम जानकी विवाह जन्ती टोलीको नेतृत्वगर्दै भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगी अदित्यनाथ नेपालको जनकपुर आउदा उनको वारियत टोलीलाई स्वागत गर्न खड्ग ओलीको निर्देशनमा राष्ट्रपती विद्यादेवी भण्डारी पुगेकी थिईन् । यो दृष्य नेपालको देशभक्तहरूका लागी चरम शरमको वात थियो । यो खड्ग ओलीको नक्कली राष्ट्रवादको परिमाण थियो । यो योगी अदित्यनाथ त्यही व्यक्तिहुन जसले भारतको संसदमा नेपालको स्वतन्त्रता र सर्वभौमिकता विरुद्ध अभिमत दिएकाहुन र उनि योगी र व्रम्हचारीको नाममा कैयौं महिलाहरूको अस्तित्व लुट्ने वलत्कारी पनि हुन् । जहाँसम्म चुच्चे नक्सा छापेको कुरा छ त्यो त आफ्नै पार्टी, प्रतिपक्षी, नागरीक समाज, देशभक्त वौध्दीक, लेखक, पत्रकारहरू सबैको चौतर्फी दवावहरूले मात्र बाध्य भएर छापेको हो । जुन नक्सा स्कुलको पाठ्य पुस्तकमा छाप्न चाँहि खड्ग ओलीले रोकेको हो । कसैको ईसारामा । *(क्रमशः)*


# मैले देखेको १६५ औं विश्व पर्यटकीय स्थल


# इण्डियानापोलिसको डाउनटाउन

सुरेन्द्र ढकाल


डाउनटाउनको मुटुमा रहेको स्मारक वृत्त (मटुमेन्ट सर्कल) यस्तो रहेछ



ऐतिहासिक जर्मन भवन एथेनियम खुबै आकर्षक रहेछ


बास्केटबल रंगशाला होसिएर डोम यस्तो रहेछ


इण्डियानापोलिसको डाउनटाउन माथिबाट हेर्दा


इन्डियाना स्टेट युनिभर्सिटीको परिसर यस्तो रहेछ


सहरको मुटुमा रहेका गगनचुम्बी भवनहरू


ह्वाइट रिभर यस्तो सुन्दर रहेछ


सिपाही र माझी स्मारकको मुनि सुरेन्द्र जुलाई १५, २००७

एलिनोइ महामेटको जंगलको ताल र गल्फ खेली जुलाई १४ को दिन राम्रै बित्यो। जुलाई १५ को दिन बिहानै हामी इण्डियानापोलिसतिर लाग्यौं। एरिकको भतिजाको विवाह कार्यक्रममा सहभागी हुने उद्देश्यका साथ हामी त्यहाँ गएका थियौं। महामेटबाट इण्डियानापोलिसको दूरी २०० माइलभन्दा अलि बढी नै थियो। हामी बिहान सात बजे महामेटबाट एरिकको कारमा निस्केका थियौं। करिब ११ बजेतिर इण्डियानापोलिस पुग्यौं। विवाहको कार्यक्रम र दिवाखाना सक्दा दिनको २ बजेको थियो। तत्पश्चात एलिनोइ फर्कनुअघि त्यहाँको डाउनटाउन अवलोकन गर्ने उद्देश्यले हामी त्यहाँ पुग्यौं।

**इण्डियानापोलिसको डाउनटाउन**


अमेरिकाको इण्डियाना राज्यको व्यापारिक केन्द्रको रुपमा विकसित पर्यटकीय शहर इण्डियानापोलिसमा संघीय तथा प्रान्तीय सरकारका संरचना भएका भवनहरू ठडिएका रहेछन्। खेलकुद, सिनेमा तथा नाटकको अमेरिकी केन्द्र मानिने इण्डियानापोलिसको स्थापना र विकाश अलेक्सान्डर राल्सटन र एलियास पिमले गरेका रहेछन्। १७ वर्गकिलोमिटर क्षेत्र ओगटेको यो व्यापारिक तथा प्रशासकीय केन्द्रको स्थापनाको शुरुवात सन १८२० मा सेती नदी (White River) को किनारमा भएको रहेछ।

सन १८२१ म माथि भनिएका दुई व्यक्तिहरूले शहरको सर्भे र डिजाइन तयार पारेका रहेछन्। शहरको मुटुमा स्मारक वृत्त भनिने Monument Circle रहेछ। यहाँका सडकहरूको नाम अमेरिकी संघीय राज्यहरूको नाम जस्तो वासिंगटन स्ट्रिट, न्युजर्सी स्ट्रिट आदिबाट राखिएको रहेछ। सन् १८९५ मा यही वृत्तमा संघीय तथा प्रादेशिक राज्यका सरकारी भवन बनाइएको रहेछ। सन १९६० मा तत्कालिन अमेरिकी राष्ट्रपति लिण्डन वि जोन्सनले त्यहाँ आएर विशाल सार्वजनिक भेलालाई सम्बोधन गरेको कुरालाई खुबै महत्वका साथ बताइँदो रहेछ।

जनसंख्या बढेसँगै र कृषि अर्थतन्त्र औद्योगिक अर्थतन्त्रमा रुपान्तरण भएसँगै यो शहर तन्किदै गएको रहेछ। यहाँको स्मारकहरूमध्ये सिपाही र माझी (Soldiers and Sailors) नामक स्मारक विश्व प्रख्यात मानिदो रहेछ। भवनहरूमा Athenaeum नामक जर्मन भवन (Das Deutsche Haus) आर्कषणको केन्द्र विन्दु रहेछ। पछि गएर सन १९६० को दशकमा इण्डियाना र पुरदुए विश्वविद्यालयलाई गाभी इण्डियाना राज्य विश्वविद्यालय बनाएपछि इण्डियानापोलिस अमेरिकी उच्चशिक्षाको केन्द्रको रुपमा विकास हुन गएको रहेछ।

अमेरिकी बास्केटवल र टेनिस संघको मुख्यालय रहेको र सन १९८७ मा पान अमेरिकी खेलकुदको आयोजना गरेको कारण यो शहर खेलकुद पर्यटनको लागि पनि प्रख्यात रहेछ। सरकारी निजी खर्च मिलाई १२२ मिलियन डलरको लागतमा बनेको यहाँको टेनिस सेन्टर विश्वविख्यात रहेछ। क्यारोल ट्राक फुटवल रंगशाला र होसियर डोम यहाँको नामुद पर्यटकीय स्थल रहेछ। सन १९८२ पछि यहाँ गगनचुम्बी भवनहरू निर्माण हुन शुरु भएका रहेछन् जस्मा वन अमेरिका टावर पर्दो रहेछ। अन्य पर्यटकीय स्थलमा ब्वाइट रिभर प्रादेशिक पार्क र म्युजियम पर्दो रहेछ। इण्डियाना केन्द्रीय नहर, भिक्टोरी फिल्ड र ३६ वटा आवासीय भवन (एपार्टमेन्ट) हरू विश्वकै गगनचम्बी भवनमा गनिँदा रहेछन्। हामीलाई पुरै शहर पैदलै एक चक्कर लगाउन दुई घण्टा जति लाग्यो र बेलुकीको ५ बजेतिर हामी त्यहाँबाट एलिनोइ फर्क्यौं।

# नेपाली कम्युनिस्ट लिगको स्थापना–५




■ शम्भुराम श्रेष्ठ

दक्षिण एसियाली उपमहाद्विपमा अंग्रेज साम्राज्यवादको पतन र नेपालमा त्यसको कठपुतली तावेदार राणा सरकारको अन्त्य सँगसँगै अंग्रेज साम्राज्यवादको अर्धऔपनिवेशिक रजाइँ पनि समाप्त भयो, तर नेपाल स्वाधीन भएन, किनभने त्यसको लगत्तै नेपाल फेरि भारतीय विस्तारवादको अर्धऔपनिवेशिकमा रुपान्तर हुन गयो। त्यसको परिणामस्वरुप भारतीय विस्तारवाद र सम्पूर्ण नेपाली राष्ट्रबीचको अन्तरविरोध, सामन्तवाद र समस्त नेपाली जनताबीचको अन्तरविरोधहरू नेपाली समाजको आजको दुई आधारभूत अन्तरविरोधहरू हुन गएका छन्, जसलाई पूर्णरुपले समाधान गर्नु वर्तमान नेपाली क्रान्तिको मुख्य उद्देश्य अथवा दायित्व बन्न गएको छ। यो ऐतिहासिक दायित्व पूरा गर्नका लागि यी दुई आधारभूत अन्तरविरोधहरूमध्ये कुनचाहिँ प्रधान हो निक्यौंल गर्नु एक किसिमले अनिवार्य हुन्छ किनभने त्यसकै आधारमा हामीले वर्तमान नेपाली क्रान्तिका रणनीति तथा कार्यनीतिहरू तर्जुमा गर्नुपर्ने हुन्छ। त्यसैले यहाँ प्रश्न उठ्छ : ती दुईमध्ये प्रधान अन्तरविरोधहरू कुन हो त ? त्यो हो भारतीय विस्तारवादसितको नेपाली राष्ट्रको अन्तरविरोध। कारण २००७ सालको राजनीतिक परिवर्तनपछि नेपालमा बनेका सबै खाले सरकारहरू र सामन्तवाद खुदकै संरक्षक र शक्तिको आधार भारतीय विस्तारवाद रहिआएको छ र यहाँको सरकार त त्यसको तावेदार मात्र हो। त्यसकारण भारतीय विस्तारवाद र सम्पूर्ण नेपाली राष्ट्रबीचको अन्तरविरोध नै नेपाल समाजको आजको प्रधान अन्तरविरोध हो। तर यो कुरामा नेपाली कम्युनिस्ट आन्दोलनभित्र एकमत छैन।

एक थरी कामरेडहरू भारतीय विस्तारवाद र नेपाली राष्ट्रबीचको अन्तरविरोधलाई नेपाली समाजको आजको प्रधान अन्तरविरोध हो भन्ने कुरालाई मान्दैनन् र सामन्तवाद र नेपाली जनताबीचको अन्तरविरोधलाई प्रधान अन्तरविरोध मान्दछन्। यस्तो हुनाको कारणस्वरुप उनीहरू यी तर्कहरू पेश गर्छन्, पहिलो तर्क, भारत भर्खर भर्खरै मात्र अंग्रेज साम्राज्यवादको औपनिवेशिक दासताबाट मुक्त भई स्वाधीन भएको एउटा विकासशील मुलुक मात्र हो र त्यस्तो मुलुकले कदापि आफूभन्दा साना तथा कमजोर छिमेकी मुलुकहरूलाई आफ्नो अर्धउपनिवेश बनाउने काम गर्दैन। दोस्रो तर्क, भारत एकातिकार पुँजीवाद (अर्थात साम्राज्यवाद) मा विकसित भइनसकेको सामान्य पुँजीवादी मुलुक मात्र हो र त्यो अरु मुलुकलाई आफ्नो अर्धउपनिवेश बनाउने अवस्थामै छैन र त्यसैले, त्यस्तो मुलुकले नेपाललाई अर्धउपनिवेश बनायो भन्नु गलत हो। तेस्रो अर्थात् अन्तिम तर्क, कामरेड माओले आफ्नो अन्तरविरोधबारे शीर्षकको लेखमा साम्राज्यवादले आक्रमण नगरिरहेको बेला साम्राज्यवाद र अर्धऔपनिवेशिक मुलुक बीचको अन्तरविरोध स्थानान्तर हुने हुन्छ र त्यस्तो स्थितिमा आन्तरिक, अर्थात् देशीय सामन्ती तथा अन्य प्रतिक्रियावादी सत्ताधारीहरू र जनताबीचका अन्तरविरोधहरू एकदमै तीव्र हुन जान्छन् भनेर लेख्नुभएको कुरालाई अघि सारेर भारतीय विस्तारवादले नपालविरुद्ध आक्रामक युद्ध नछेडिरहेको आजको बेला भारतीय विस्तारवादसितको नेपाली राष्ट्रको अन्तरविरोध कदापि प्रधान अन्तरविरोध हुन सक्दैन।

उनीहरूले अघि सारेका माथिका तर्कहरू विल्कुलै सही छैनन्। किन सही छैनन् भने निश्चय नै भारत एकाधिकार पुँजीवादमा विकसित भइनसकेको सामान्य पुँजीवाद मुलुक भए पनि त्इसको वर्ग स्वभाव नै आफूभन्दा कमजोर मुलुकमाथि थिचोमिचो तथा शोषण गरी ठूलो र शक्तिशाली हुने हुन्छ। त्यही कारणले नै पुँजीवादको विकास मत्स्यन्याय अनुसार हुन्छ भन्ने उखान चलेको हो। उदाहरणको रुपमा इंग्ल्याण्डले भारतलाई उपनिवेश बनाउँदा इंग्ल्यान्ड एउटा सामान्य पुँजीवादी मुलुक भएको तथ्यलाई नै लिन सकिन्छ। दोस्रो कुरा साम्राज्यवादले आक्रमण नगरिरहेको बेला त्यससितको अर्धऔपनिवेशिक मुलुकको अन्तरविरोधको पोजिसन बदलिन्छ र अन्तरिक अन्तरविरोधहरू एकदमै तीव्र हुन जान्छन् भनेर मात्रै कामरेड माओले लेख्नुभएको थियो र आक्रमण नगरिरहेको बेला साम्राज्यवाद र अर्धऔपनिवेशिक बीचको अन्तरविरोधहरू प्रधान हुँदैन भनेर लेख्नुभएको थिएन।

उहाँको उपरोक्त लेखाइको तात्पर्य यतिमात्रै हो कि साम्राज्यवादले आक्रमण आक्रमण नगरिरहेको बेला त्योसित ठाडो मुठभेडको स्थिति हुँदैन र त्यस्तो अवस्थामा आन्तरिक अन्तरविरोधहरू एकदमै चर्किन्छन् अर्थात् अर्ध औपनिवेशिक मुलुकका जनताको ठाडो मुठभेड त्यहाँका सामन्ती र दलाल तथा नोकरशाही प्रतिक्रियावादी सत्ताधारीहरूसित हुन जान्छन्। साँचो कुरा त के हो भने सामन्ती प्रतिक्रियावादी सत्ताधारीहरू नै साम्रज्यवाद (हाम्रो हकमा भारतीय विस्तारवाद) का संरक्षित तथा तावेदार हुने भएकाले त्यसमाथि प्रहार गर्नु भनेकै अर्को शब्दमा भारतीय विस्तारवादका संरक्षित तथा तावेदार हुने भएकाले त्यसमाथि प्रहार गर्नु भनेकै अर्को शब्दमा साम्राज्यवाद अथवा भारतीय विस्तारवादमाथि प्रहार गर्नु हो। त्यही कारणले डा.सनयात सेनको नेतृत्वमा भएको सन् १९११ को चिनियाँ क्रान्तिबारे कामरेड माओले सन् १९११ को चिनियाँ क्रान्ति साम्राज्यवाद विरुद्ध लक्षित थियो, तर त्यसलाई चिनियाँ जनताले चिंग देशलाई प्रहारको निशाना बनाए भनेर टिप्पणी गर्नु भएको थियो। उसैगरी सन् १९४६ देखि १९४९ सम्म च्याङ काई शेक सरकारसँग भएको गृहयुद्धलाई पनि कामरेड माओले अमेरिकी साम्राज्यवादले चिनियाँ जनताविरुद्ध छेडेको युद्धको संज्ञा दिएर लेख्नुभएको थियो जबकि त्यस युद्धमा एक जना पनि अमेरिकी सैनिक जवान संलग्न थिएन। *(क्रमश)*

कविता

## सरकार



● प्रेम ओली
(ढकलपुरे)

छाला फालेर खाने की
छालै सित खाने
साथ साथै खाने की
पालै सित खाने
जसरी खाए पनि
थालै सित खाने
आखिर सरकार
तिम्रो नाउकै बिर्ता हो।

मिलेर खाने की
एक्लै खाने
संगै खाने की
बेग्लै खाने
जसरी खाए पनि
सग्लै खाने
आखिर सरकार
तिम्रो खाउकै बिर्ता हो।

चिट्ठा हालेर खाए पनि
खाल हानेर खाए पनि
बल्छी हानेर खाए पनि
जाल हानेर खाए पनि
जसरी खाए पनि
माल हालेर खाने
आखिर सरकार
तिम्रो दाउकै बिर्ता हो।

सल्लैसंग खाने की
मोल गरेर खाने
हल्लैसंग खानै की
तौल गरेर खाने
जसरी खाए पनि
बल गरेर खाने
आखिर सरकार
तिम्रो भाउकै बिर्ता हो।

उठ्दै खाने की
बस्दै खाने
टोक्दै खाने की
डस्दै खाने
जसरी खाए पनि
भुडी कस्दै खाने
आखिर सरकार
तिम्रो साउकै बिर्ता हो।

तरै सित खाने की
करहै सित खाने
फलै सित खाने की
जरै सित खाने
जसरी खाए पनि
दरै सित खाने
आखिर सरकार
तिम्रो बाउकै बिर्ता हो।

# अनार कति फाइदाजनक ?




शरीरलाई स्वास्थ्य राख्नका लागि अनारमा अन्य फलफूलमा भन्दा पनि लाभदायक तत्वहरू छन्। किनकी अनारमा भिटामिन ए,सी, इ र अन्य भिटामिनहरू पाइन्छ।

अनार खानुको फाइदा यस्ता छन्। हरेक दिन अनारको जूस खानाले रक्तसंचार प्रवाहमा मद्दत पुऱ्याउछ। अनारले स्तन क्यान्सर हुने सम्भावना कम गर्छ। नियमित अनार खानाले हार्टअट्याक हुने खतराबाट जोगिन सकिन्छ। अनारले आइरन कमी हुन दिदैन र एनिमियाबाट बचाउँछ। अनारले प्रोस्टेट क्यान्सर हुने खतराबाट बचाउँछ। अनारको नियमित प्रयोगले पाचन प्रणालीमा हुने समस्याको पनि समाधान गर्न सहयोग गर्छ। नियमित अनार खादा अनुहार र शरीरको छालालाई स्वास्थ्य र चम्किलो बनाउँछ। अनारले दाँत सम्बन्धी समस्याबाट बचाउछ। गर्भवती महिलाले अनार सेवन गरेमा उनको गर्भमा रहेको शिशू पनि स्वास्थ्य रहन्छ। वृद्धवृद्धाहरूले अनार खादा अल्जाइमर अर्थात विर्सने रोगबाट बच्न सकिन्छ। लामो आयु र क्रियाशील जीवनयापनका लागि नियमित रुपमा अनारको जुस सेवन गर्नु उपयुक्त हुन्छ।

नियात्रा

# त्यो यात्रा थियो कि म्याराथन ? (३)




✍ - रामप्रसाद पन्त

हामी बस्ती विहीन बाटोबाट निरन्तर ओरालो लाग्दै थियौं – तानसेनबाट दोभान ओरालो लागेजस्तै। हुस्सु लागेको जङ्गली बाटो दिउँसै अँध्यारो जस्तो भएको थियो। मैले अनायासै भनेँ– पाँच नबज्दै अन्धकार जस्तो पो भयो त ! अमरले भन्यो– 'यस्तो भइरहन्छ यहाँ। पानी परिरहन्छ यहाँ। हुस्सु लागिरहन्छ यहाँ। यस्तै मौका पारेर दिउँसै डाका लाग्छन् यहाँ। म त गाडी चलाइरहनुपर्ने मान्छे, रातसाँझ खुकुरी र खुँडा नलिई हिँड्दिनँ। अहिले पनि छ मसँग खुकुरी। पहिले त यही पेशा राम्रो लाग्थ्यो मलाई पनि। यस्तै गर्दै हिँडियो धेरै वर्ष। पेस्तोल बोकेर पनि हिँडियो लुकीलुकी। तर बिहा गरेपछि गाडी किनेर चलाउन थालेँ।'

उसको कुरा सुनेर मनमनै डर लाग्यो मलाई। साथीहरूलाई पनि त्यस्तै लागेछ क्यारे, मौन अवस्थामा देखिए।

अमर भन्दै थियो – 'तर मेरो गाडी भनेर चिनिसकेपछि जसतसले आक्रमण गर्ने हिम्मत राख्दैन मलाई। मान्छेको त के कुरा, बाघले पनि सीधा आँखाले हेर्ने सक्तैन मलाई। दस जनालाई त म एक्लै ढालिदिन्छु।'

अहो ! उसको कुराले त मुटु ढक्क फुल्यो मेरो, लामो श्वास तानेँ मैले। उसले भनेको कुरा सुन्ने बाहेक ठीक गरिस् कि गरिनस् भनेर प्रतिक्रिया दिने कुरै भएन। हामीले मौन बसेर उसका कुरा सुनिरह्यौं।

म देख्दै थिएँ र मनमा राख्दै थिएँ– काँकडभित्ताबाट भारत प्रवेश गरेदेखि पशुपतिनगर निस्कँदासम्मको बाटोको प्यारापिठमा सेतो रङ पोतेर नीलो रङको गोलो टीका लगाइदिने चलनले निरन्तरता पाएको थियो। त्यसले बाटोको लाइन स्पष्ट देखिँदो रहेछ। यो तरिका नेपालका पहाडी राजमार्गहरूमा पनि प्रयोग गरे कसो हुन्थ्यो होला !

जङ्गे पिलर देखियो बाटै छेउमा। अब त पशुपतिनगर आयो कि भनेको त ती पिलरहरूलाई छेउछाउ पार्दै ओर्लनु पर्दोरहेछ अझ पाँच/छ किलोमिटर तल।

अब भने आइपुगिएछ पशुपतिनगर। समय ५:१५ भएको थियो। पाँच बजे बन्द हुने भनेर अत्याइएको मात्र रहेछ। झरी लागेसरह पानी वर्षिरह्यो। इलाम जानका लागि नेपाली जीपहरूको व्यवस्था गर्न महेन्द्रजीलाई केही समय लाग्यो। हामी जीपमै बसिरह्यौं। ड्राइभरहरू एउटा भट्टीमा छिरेर ज्यान रनक्क पारिसकेछन्। उनीहरूसँग सम्झौता गरेभन्दा दार्जिलिङमा पर्खाएबापत मुखबोली दिनुपर्ने आवश्यकता देखियो। हाम्रो अनुमान थियो, अमरका खुँडा र खुकुरी अनि ज्यान रन्काइपछिको परिवर्तित अनुहार भाडा बढाउने सङ्केत थिए।

ड्राइभरहरूलाई सन्तुष्ट पारिसकेपछि हामीले ठीक ६ बजे पशुपतिनगर छाड्यौं।

अब हामीले पशुपतिनगर-इलामबजारको ५० किलोमिटर यात्रा पूरा गर्नुथियो। दुईवटा जीपका नेपाली ड्राइभरहरूले हामीलाई सुरक्षित अवतरण गराए– इलाम बजारको बसस्टपस्थित होटल न्यु डिसमा।

०००

अर्को दिन बिहान अर्थात् २०७१ चैत्र १७ गते होटल न्यु डिसमा चिया खाएर बाहिरियौं केही साथीहरू। मैले सम्झेअनुसार रोचक घिमिरे, ठाकुर शर्मा, यादव भट्टराई, तुलसीहरि कोइराला, जयदेव भट्टराई, दुर्गा दाहाल मसँग थिए। माथि डाँडो ठडिएको टावरले बोलाएजस्तो लाग्यो हामीलाई। यसअघि म इलाम जाँदा बनिरहेको टावरले अहिले टोपी लगाउन पाएछ र दर्शकहरूलाई पनि बोलाउन थालेछ। त्यो अवसर हामीले पनि किन गुमाउने ?

टावर पछ्याउँदै गर्दा चियाबगानसँग आबद्ध भएर फोटो खिच्न यति समय खर्च गरेछौं कि टावरमा पुग्न झन्डै एक घण्टा लागेछ। तर टावरको द्वारै खुलेको रहेनछ। हामीले टावरलाई नजिकैबाट हेऱ्यौं मात्र, अँगालो मार्न सकेनौं।

हामी अर्कै बाटो भएर ओर्लियौं मध्यबजारमा र पुग्यौं होटलमा। आठ बज्नै लागेको थियो। हामी बेर नगरेर, भारतीय भूमि छाडेर बाँकी रहेका पत्रपत्रिका, किताब र कार्यक्रमका लागि छुट्याइएका सामानहरू बोकेर कार्यक्रमस्थल जिल्ला विकास समितिको कार्यालयमा पुग्यौं।

नेपाल प्रज्ञा प्रतिष्ठान र भानु प्रतिभा संरक्षण तथा साहित्य संवर्द्धन समितिको संयुक्त आयोजनामा कार्यक्रम सुरु भयो। उद्घोषक दिवाकर भण्डारीले माइक खोले पौने नौतिर। सभापति– विमल वैद्य, प्रमुख अतिथि– माधव भण्डारी, विशेष अतिथि– रोचक घिमिरे, मातृका पोखरले, मदन कोइराला (स्थाविअ), महेन्द्र गुरुङ, प्रा. युद्धप्रसाद वैद्य, जलेश्वरी श्रेष्ठ र कार्यपत्र प्रस्तोता र टिप्पणी कर्ता लक्ष्मी उप्रेती र केदार शर्मा।

स्वागत गरे, धर्म गौतमले। अन्य कार्यक्रमहरूमा परिचय दिएजस्तै हाम्रो टोलीको सङ्क्षिप्त परिचय दिए– यादव भट्टराईले। रमा-कृष्ण सिर्जना प्रतिष्ठानको तर्फबाट सम्मान गरियो– इलामेली कवि प्रा. युद्धप्रसाद वैद्यलाई। 'नेपाली नारी कथाकारहरू र लेखनप्रवृत्ति' विषयक लामो कार्यपत्र प्रस्तुत गरिन्– लक्ष्मी उप्रेतीले। खरो टिप्पणी पेश गरे– केदार शर्माले। इलामेली साहित्यकारहरू– देवी गौतम, रामजीहरि, डिवी इलामे, उपेन्द्र आचार्य, केशवबहादुर राई, दिपक पौडेल लगायतको उपस्थितिमा प्रवेश शर्मा, अन्विश राई, ठाकुर शर्मा, देवी क्षेत्री, शिव अधिकारी, लक्ष्मी उप्रेती, सीताराम गुरुङ, तुलसीहरि कोइराला, प्रतिभा पौडेल, डिवी इलामे र रामप्रसाद पन्तहरूले कविता वाचन गरे। सम्मानित व्यक्ति प्रा युद्धप्रसाद वैद्य, रोचक घिमिरे, मातृका पोखरेल र प्रमुख अतिथि माधव भण्डारीहरूले मन्तव्य दिए, महेन्द्र गुरुङले सिक्किम यात्राको समीक्षा गरे। सहाभागीहरूलाई धन्यवाद दिए र रमा-कृष्ण सिर्जना प्रतिष्ठानको तर्फबाट मायाको चिनो अर्पण गरे। अन्त्यमा विमल वैद्यले सभा विसर्जन गरे १२:५० बजे।

एक बजे बस चढ्नुछ– टिकटमा त्यही लेखिएको छ। हामी छौं म्याराथन दौडमा। भोलि बिहान काठमाडौं नपुगे दिउँसो माओवादी बन्दमा पर्छौं र नागढुङ्गामै बन्दी हुन्छौं। बन्द फिर्ता लिएको आवाज पनि कानमा पर्दै थियो हाम्रो। यसबेला परेर के गर्ने ? एक दुई दिनअघि नै थाहा पाएको भए त हामीले म्यारथन दौड गर्नुपर्ने थिएन नि ! जेसुकै भए पनि अब म्याराथन दौडलाई बीचैमा स्थगित गर्न सकिने कुरा थिएन। टिकट काटियो, कुरै सकियो।


स्थानीय साहित्यकारहरूको अनुरोधमा बस आधा घण्टा ढिलो गरेर हिंड्ने भयो। हामीले खाना खान पाउने भयौं। हामी म्याराथन गतिमै सापकोटा होटलमा पुग्यौं र जिविस इलामको सौजन्यमा कुखुराले चारो टिपेजस्तै भातका गाँसहरू टिप्यौं। होटल पुगेर झोला बोक्यौं र शुभेक्षा डिलक्समा चढ्यौं। विमल वैद्यले हामीलाई बिदाइ गरे। जोरकलशमा मिठो चिया पियौं, बुधबारेको रहरलाग्दो चिया बगान हेऱ्यौं र ४:४५ मा पुग्यौं चारआली। पर्वत पोर्तेललाई त्यहीं छाडेर महापथबाट पश्चिम हानिएपछि लालगढको पुकार होटलमा राती दश बजे भात खायौं या खाएजस्तो गऱ्यौं। त्यसपछि एक बजे मुग्लिङ पुगेको थाहा छ मलाई र सिम्लेको होटल कान्तिपुरमा चिया खान ओर्लेको सम्झना छ मलाई।

सम्झन्छु, किनभने म पूर्ण होसमा थिइनँ त्यसबेला। अरु ओर्लेजस्तै म पनि बसबाट ओर्लेको थिएँ र धडधडाउँदै लघुशङ्काको लागि बाटोपारि पुगेको थिएँ। फर्कंदा तीव्र गतिमा हुइँकिँदै पूर्वतर्फ लागेको बसले झन्डै मेरो चोला समाप्त पारेको थियो। मेरो ढाड राम्रोसँग सोझिएको थिएन। बेत तन्काएजस्तै ढाड तन्काएर सोझो बनाउने प्रयास गर्दै थिएँ। बसको सिसा तानातान गर्ने मौनसङ्घर्षको प्रभाव रोचक दाइलाई मात्र नपरेर मलाई पनि परेको थियो। सायद त्यसै भएर चरचरी टाउको दुःखेको थियो मेरो।

बिहान ८:३० मा कोटेश्वर ओर्लेपछि थाहा भयो– यातायात चलेका रहेछन्। बन्द फिर्ता भएकै रहेछ। विचार गरेँ– म्याराथन दौड नगरेको भए पनि हुने रहेछ। फेरि विचार बदलेँ– म्याराथनको एउटा अपूर्व अनुभूति त भयो नि ! सितिमिति कहाँ भाग लिन पाइन्छ यस्तो म्याराथनमा !

हामीले म्याराथन दौड गऱ्यौं र सबै विजयी भयौं। हामी, अर्थात् रमा-कृष्ण सिर्जना प्रतिष्ठानको अगुवाइमा सिक्किम यात्रामा निस्केका इलामेली कवि विमल वैद्य र झापास्थित कान्तिपुर संवाददाता पर्वत पोर्तेल सहित महेन्द्र गुरुङ, रोचक घिमिरे, मातृका पोखरेल, जलेश्वरी श्रेष्ठ, लक्ष्मी उप्रेती, ललिता दोषी, यादव भट्टराई, जयदेव भट्टराई, दुर्गा दाहाल, तुलसीहरि कोइराला, सिताराम गुरुङ, ठाकुर शर्मा र म। *(समाप्त)*

# गौरिकाले मच्चाइन तहल्का



काठमाडौं – पौडीमा तहल्का मच्चाइरहेकी गौरिका सिंह प्रभावशाली युवाहरूको सूची 'फोर्ब्स थर्टी अन्डर थर्टी एसिया २०२१' मा परेकी छन्।

स्वीमर गौरिका सिंह प्रभावशाली युवाहरूको सूची 'फोर्ब्स थर्टी अन्डर थर्टी एसिया २०२१' मा परेकी छन्। चर्चित अमेरिकी म्यागजिन फोर्ब्सले मंगलबार सार्वजनिक गरेको सूचीमा गौरिका 'इन्टरटेन्मेन्ट एन्ड स्पोर्ट्स' तर्फ एसियाकै प्रभावशाली ३० युवामा परेकी हुन्।

सात वर्षयता नेपाली पौडीमा सनसनीपूण प्रदर्शन गरिरहेकी १८ वर्षीया गौरिकालाई प्रभावशाली युवामा समावेश गर्दै फोर्ब्सले लेखेको छ, 'गौरिका सिंह नौ वर्ष भएदेखि नै पौडीमा छिन् र १२ वर्षदेखि नै नेपालको लागि प्रतिस्पर्धा गरिरहेकी छन्। दक्षिण एसियाली खेलकुद २०१९ मा चार स्वर्ण, दुई रजत र तीन कांस्यपदक जितिन्। उनी रियो ओलम्पिक २०१६ मा सबभन्दा कम उमेरकी खेलाडी थिइन्। उनी टोकियो ओलम्पिक २०२० लाई पनि छनोट भएकी छन्, जुन स्थगित भएर जुलाई-अगस्ट २०२१ मा हुदैछ। पौडीबाहेक उनी समाजसेवामा पनि संलग्न छिन्। उनी गैरनाफामूलक संस्थाहरू माइती नेपाल र शान्ति एजुकेसन इनिसिएटिभकी सद्भावना दूत हुन्।'

उनीसहित ३० वर्षमुनिका ३० जना प्रभावशाली युवालाई फोर्ब्सले थर्टी अन्डर थर्टी एसियाको इन्टरटेन्मेन्ट एन्ड स्पोर्टस् विधामा समावेश गरेको हो। गायक/गायिकासहित मनोरन्जन उद्योगमा संलग्न युवाहरू र खेलाडीलाई यस विधामा राखिएको छ। फोर्ब्सको यस विधामा गत वर्ष नेपाली एमेच्योर गल्फर प्रतिमा शेर्पा परेकी थिइन्।

यसपाली गौरिकासहित दुई नेपाली युवा फोर्ब्सको सूचीमा परेका छन्। २९ वर्षीय प्रकाश काइराला 'फाइनन्स एन्ड भेन्चर क्यापिटल' तर्फ महादेशकै प्रभावशाली ३० युवामा पुगेका हुन्। फिनलिट नेपालका यी संस्थापकले सन् २००९ यता वितीय साक्षरताको अभियान चलाइरहेका छन्।

इन्टरटेन्मेन्ट एन्ड स्पोर्ट्स, सोसल इम्प्याक्ट, हेल्थ केयर एन्ड साइन्स, फाइनन्स एन्ड भेन्चर क्यापिटल, आर्टस्, इन्टरप्राइज टेक्नोलोजी, कन्ज्युमर टेक्नोलोजी, रिटेल एन्ड इकमर्स, इन्डस्ट्री म्यानुफ्याक्चरिङ एन्ड इनर्जी र मिडिया, मार्केटिङ एन्ड एडभरटाइजिङ गरी दस विधामा फोर्ब्सले ३० वर्षमुनिका प्रभावशाली युवाको सूची निकालेको हो। हरेक विधामा ३०-३० जनालाई छनोट गरिएको छ। यसमा २ हजार ५ सय बढी मनोनयनमा परेको फोर्ब्सले जनाएको छ।

फोर्ब्सको सूचीमा छनोट भएपछि गौरिकाले आफ्नो इन्स्टाग्राममा पोष्ट गरेकी छन्, 'अत्यन्तै खुसी छु। फोर्ब्स थर्टी अन्डर ३० एसियाको क्लास अफ २०२१ मा छनोट भएको घोषणा गर्न पाउँदा एकदमै खुसी छु। म साँच्चिकै प्रतिभावान् र धैर्य मानिसहरूसँगै सम्मानित भएकी छु। र, म खेलकुदमा महिला र मेरो देश दुवैको प्रतिनिधित्व गर्न सक्षम भएकी छु।' गरिमा राणा र पारस सिंहका पहिलो सन्तान गौरिका स्वदेशमा जन्मिएपछि लन्डनमा हुर्किइन् र उतै स्वीमिङ करिअरलाई अगाडि बढाएकी हुन्।

कोरोना भाइरसको महामारीको कारण स्वीमिङ पुलमा ट्रेनिङ गर्नबाट लामो समय बञ्चित भएपछि गौरिका गत माघमा स्वदेश आएकी थिइन्। टोकियो ओलम्पिकको तयारीलाई जोड दिँदै उनले ५६ दिनको स्वदेश बसाइमा कालो पुलस्थित बेस्ट भेन्यूको हिटिङ सिस्टम भएको स्वीमिङ पुलमा अभ्यास गरेकी थिइन्। चैत २० मा लन्डन फर्केपछि उतै ट्रेनिङ गरिरहेकी छन्।

# संगठित र शक्तिशाली बन्दै भारतीय माओवादी जनयुद्ध



**विष्णु भट्टराई**

भारतीय उपमहाद्वीपमा चलिरहेको माओवादी सशस्त्र जनयुद्धले भारतीय शासक वर्गको निद हराम गरिरहेको छ । भारतीय माओवादी जनयुद्धले नयाँ दिल्लीमा मात्र होइन, वाशिंगटनमा समेत खैलाबैला मच्चाउन सफलता पाएको छ । विश्वमा कम्युनिस्टहरू खासगरी क्रान्तिकारी कम्युनिस्टहरू साम्राज्यवादी र तिनका दलाली गर्ने विद्युतीय र छापा सञ्चार माध्यमहरूले प्रचारप्रसार गरिरहेका बेला भारतमा जबर्जस्त उचाइ लिइरहेको माओवादी सशस्त्र जनयुद्धले तिनको मुखतोड जवाफ दिइरहेको छ । पेरुको सशस्त्र माओवादी जनयुद्धले गम्भीर धक्का खाएपछि लगभग निस्तेजप्रायः बनेको विश्व क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा भारतीय जनयुद्धले फेरि नयाँ आयाम थपेको छ ।


नेपालको माओवादी जनयुद्धको अवसानपछि पनि भारतीय जनयुद्धको प्रभावले क्रान्तिकारी कम्युनिस्टहरूलाई अर्को जनयुद्ध लड्न समेत अभिप्रेरित गरिरहेको छ । विश्व राजनीतिक मञ्चमा शक्ति राष्ट्रको पहुँच बनाइसकेको भारतमा सर्वहारा वर्गले आफ्नो मुक्ति खातिर जसरी बलिदानीपूर्ण ऐतिहासिक जनसंघर्ष लडिरहेका छन्, त्यसले विश्वकै सर्वहारा वर्गलाई थप हौसला र प्रेरणा दिइरहेको छ । भारतको माओवादी जनयुद्ध यतिबेला एसियाको केन्द्र बन्दै गएकोमा सायदै बिमति नरहला ।

भारतको जनयुद्धको इतिहास चार दशक बढी पुरानो छ । त्यसो त भारतमा चालीसकै दशकमा तेलंगाना सशस्त्र संघर्षको आरम्भ भएको थियो । सन् १९२० मा निर्माण भएको अभिभाजित भारतीय कम्युनिस्ट पार्टीको नेतृत्वमा तेलगाना सशस्त्र संघर्ष सुरुवात भएको थियो । सन् १९४७ मा भारत अंग्रेज हुकुमतबाट मुक्त भएपछि पनि लामो समयसम्म तेलंगाना सशस्त्र संघर्ष चलिरहेको थियो । तत्कालीन सोभियत संघको कम्युनिस्ट पार्टीको नेतृत्वमा ख्रुश्चेभ आएपछि त्यहाँको कम्युनिस्ट पार्टीले संशोधनवादी बाटो लियो ।

सोभियत कम्युनिस्ट पार्टीलाई आफ्नो आदर्श मान्दै तत्कालीन भारतीय कम्युनिस्ट पार्टीको नेतृत्वले पनि सशस्त्र संघर्षलाई परित्याग गर्‍यो । जब पश्चिम बंगालमा चारुमजुमदारको उदय भयढो फेरि आरम्भ गरियो सशस्त्र संघर्ष । चारुदाले नक्सलवाडी आन्दोलनको सुरुवात गरे । सामन्तवादका विरुद्ध नक्सलवाडीका किसानहरूले सशस्त्र विद्रोह गर्दै धावा बोल्न थाले । पश्चिम बंगालका ठूला जमिनदारहरूको गर्धन उडाउँदै किसान विद्रोह अगाडि बढ्न थाल्यो । किसान, मजदुर लगायत बुद्धिजीवीहरू समेत विद्रोह गर्दै नेता र कार्यकर्ताहरू नक्सलबाडी आन्दोलनमा सामेल हुन थाले । यो विद्रोहमा लाग्ने र समर्थन गर्नेहरूलाई नक्सलाइट भनिन थालियो । नक्सलवाडी विद्रोहले भारतीय केन्द्र सरकारकै सातो उड्न थाल्यो ।

चारु मजुमदार एक होनहार आदर्श नेता थिए । यिनी थिए त्यत्तिकै कुशल संगठनकर्ता पनि । नक्सलबाडी विद्रोहको प्रभाव छिमेकी राज्यहरूमा समेत पर्न थाल्यो । असम, विहार, उत्तरप्रदेश लगायतका प्रदेशहरूमा पनि सामन्तवादविरुद्ध गुरिल्ला युद्धको उठान हुन थाल्यो । नेपालको सुदूरपूर्वी जिल्ला झापामा पनि त्यसको प्रत्यक्ष प्रभाव पर्‍यो । भारतमा सुरु भएको उक्त सशस्त्र जनयुद्धको चर्चा विश्वस्तरमै हुन थाल्यो । सो जनयुद्धलाई तत्कालीन चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओले समेत भारतमा वसन्तको मेघ गर्जन भन्दै समर्थन गरे । चिनेर चेयरमेन आमादेर चेयरमेन, चिनेरपथ आमादेरपथ भन्दै नक्सलबाडी विद्रोहीहरूले सशस्त्र गुरिल्ला संघर्षलाई घनीभूत बनाउँदै लगे । चारुदाको अगुवाइमा चम्किएको नक्सलवाडी विद्रोहले चारु लाइनलाई स्थापित गर्‍यो । चारुदाले पनि घोषणा गरे, सन् ९० को दशक हाम्रो मुक्तिको दशक हुनेछ । त्यसबेला भारतीय केन्द्रीय सत्ताको नेतृत्वमा विराजमान थिइन् नेहरू पुत्री इन्दिरा गान्धी । यिनी क्रान्तिकारी कम्युनिस्टहरूप्रति अत्यन्त अनुदार थिइन् ।

उनले नक्सलपन्थी आन्दोलनलाई दमन गर्न भारतीय अर्ध सैन्य बललाई पश्चिम बंगालमा परिचालन गरिन् । पश्चिम बंगाल प्रहरी र अर्धसैन्य बलले नक्सलवाडी लगायत सिलीगुडी, बाग्डुग्रा, जलपाइगुडी लगायतका स्थानमा अपरेशन गर्न थाले । अप्रेसनका क्रममा थुप्रै क्रान्तिकारीहरू गिरफ्तारीमा परे । कतिलाई मारियो पनि । सन् १९७२ जुलाईमा चारु मजुमदार पनि सुराकीका आधारमा गिरफ्तारीमा परे । सख्त बिरामी अवस्थामा उनलाई पक्राउ गरियो र यातना दिएर हत्या गरियो उनको । चारुको गिरफ्तारी र हत्यासँगै नक्सलवाडी आन्दोलन रचनात्मक अवस्थामा पुग्यो । क्रान्तिकारीहरू क्रान्तिबाटै पलायन हुन थाले । आन्दोलन विस्तारै सेलाउँदै गयो । नक्सलबाडी विद्रोहीहरूले नेतृत्वको रक्षा गर्न सक्दा आन्दोलनले नै गम्भीर धक्काखान पुग्यो ।



८० को दशकमा बल्ल दक्षिण प्रान्त आन्ध्र प्रदेशका नक्सलवाडी आन्दोलनमा सामेल रहेका क्रान्तिकारीहरूले भाकपा माले लोकयुद्ध (सीपीआई एमएलपी डब्लु) को गठन गरेर सशस्त्र जनयुद्धको सुरुवात गरे । तर ९० को दशकमा त्यसका महासचिव कोडापल्ली सितारमैयाले सरकारसामु आत्मसमर्पण गर्न पुगे । क्रान्तिकारी जनआन्दोलनले अर्को झट्का व्यहोर्नुपर्‍यो । यही ९० को दशकको आन्दोलनको एउटा हिस्सामा फैलिएको आन्दोलन नै भारतमा निरन्तर विस्तारको क्रममा छ जसलाई माओवादी जनयुद्धका नाममा चिनिएको छ । यस आन्दोलनले भारतीय राज्यसत्तालाई नै चुनौती दिइरहेको छ ।

भारतीय प्रधानमन्त्री मनमोहन सिंहले माओवादी जनयुद्ध अर्थात् नक्सलवादलाई सबभन्दा ठूलो आन्तरिक समस्या बताउँदै आएका छन् । अकुत सम्पत्ति, मुनाफा पुँजी र सम्पत्ति थुपार्ने होडबाजीका क्रममा नवउदारवादी अर्थनीतिको आवरणमा भारतका आदिवासी बाहुल्य क्षेत्र छत्तीसगढ, झारखण्ड, मध्यप्रदेश, विहार, पश्चिम बंगाल, आन्ध्रप्रदेशका खनिज सम्पदायुक्त जमिन विकासका नाममा बहुराष्ट्रिय कम्पनीहरूलाई राज्यले लुटाउने नीति अख्तियार गरिरहेको छ । त्यसकै विरुद्धमा आदिवासी भारतीयहरूले भापका माओवादीको नेतृत्वमा शक्तिशाली प्रतिरोध संघर्ष गर्दै आएका छन् ।

छत्तीसगढ र बस्तर झारखण्डमा केन्द्रित देखिने माओवादी जनयुद्ध डेढ दर्जन बढी राज्यहरूमा विस्तार भइसकेको छ भने झन्डै पचास जिल्लाहरूमा आन्दोलनको प्रत्यक्ष प्रभाव देखिन थालेको छ । विगतका तेलांगना आन्दोलन विकारको तेभागा आन्दोलन र पश्चिम बंगालको नक्सलबाडी आन्दोलन मूलतः स्थानीय सामन्त जमिनदारविरुद्ध केन्द्रित थियो । तर अहिलेको स्थिति फरक छ । हालको माओवादी आन्दोलनले लुटाहा बहुराष्ट्रिय कम्पनी र त्यसको संरक्षक भारतीय राज्यसत्तालाई टक्कर दिइरहेको छ । भारतीय राज्य सत्ताले माओवादी आन्दोलन दमन गनए अप्रेसन ग्रिनहन्टको नाममा लाखौं अर्धसैन्य सत्ता परिचालन गरिरहेको छ । स्थानीय प्रहरीहरू र अर्धसैन्य बल संयुक्त भएर विशाल सैन्य अप्रेसन सञ्चालन गरिरहेका छन् ।

गत फरवरी ६ मा नयाँदिल्लीस्थित राजेन्द्र भवनमा 'जनता विरुद्धको युद्ध रोक्न गठन भएको मञ्च फोरम अगेन्स्ट वर अन पिपुलले विश्व प्रसिद्ध स्विडिस लेखक जान मिडेललाई बोलाएर एउटा सेमिनार गरेको थियो । मिडेलको भारतीय माओवादी आन्दोलनमा केन्द्रित पुस्तक रेड स्टार ओभर इन्डिया हालै प्रकाशित भएको छ । सेमिनारमा बोल्दै उनले भने ४० को दशकमा माओवादी आन्दोलन त्यति संगठित थिएन । स्थानीय स्तरमा मात्र सीमित थियो । तर अहिले यो राष्ट्रिय स्तरमै फैलिएको संगठित र शक्तिशाली आन्दोलन बन्न पुगेको छ । भारतीय माओवादी आन्दोलनले भारतीय राज्यलाई सशक्त चुनौती खडा गरेको बुझ्न सकिन्छ । यसैलाई मध्यनजर गर्दै भारतीय सरकारले अप्रेसन ग्रिन हन्ट सेप्टेम्बर २००९ देखि चलाइरहेको छ । तर पर्ि भारतीय गृह मन्त्रालयले भने सरकारले त्यस्तो सैन्य अभियान नचलाएको भन्दै आएको छ ।

छत्तीसगढ र झारखण्ड राज्यमा अलग अलग रुपमा अप्रेसन जारी छ । भाकपा माओवादी निकट मञ्च फोरम अगन्स्ट वार अन पिपुल एक विज्ञप्तिमार्फत हालै भनेको छ- मध्य र पूर्वी क्षेत्रका जनतामाथि भारत सरकारले छेडेको युद्ध भारतीय सेनाको परिचालनसँगै दोस्रो चरणमा प्रवेश गरेको छ । २००० सेनाका अफिसरहरूको पहिलो जत्था ३ जुन २०११ मा बस्तरको नारायणपुरमा पठाइएको थियो जसको उद्देश्य ६०० वर्गकिलोमिटरको खनिज प्रचुर क्षेत्र कब्जा गरी बहुराष्ट्रिय कम्पनीलाई हस्तान्तरण गर्नु रहेको थियो ।







उपरोक्त सैन्य फोर्स जंगल वारफेयर स्कुल स्थापनाका लागि पठाइएको भनेर सरकारीतर्फको भनाइ छ । पुनः त्यहाँ २५०० थप संख्यामा भारतीय सेना पठाइएको छ । यसभन्दा पहिले माओवादी आन्दोलन दमनका लागि सरकारले केन्द्रीय रिजर्व फोर्स परिचालन गर्ने गरेको थियो । अप्रेसन ग्रिन हन्टको प्रतिविद्रोही अभियानको दिशा निर्देशको कार्य भारतीय सेनाको कमानले गरिरहेको भनिन्छ । तर भारत सरकारले भने माओवादीविरुद्ध सेना परिचालन गरेको कुरा अस्वीकार गर्दै आएको छ । आदिवासी बाहुल्य क्षेत्रमा विकासका नाममा जमिन, जल र जंगल अधिग्रहणको काम भारतीय सरकारका लागि झन कठिन बन्दै गएको छ । विश्वका सबभन्दा धेरै गरिब बसोबास गर्ने भारतमा संघर्षको पृष्ठभूमि माओवादीलाई अनुकूल बन्दै गएको देखिन्छ भने सरकारलाई प्रतिकूल । भारतीय सरकार माओवादीका विरुद्ध अल आउटवारको रणनीतिका साथ अगाडि बढेको छ ।

मओवादी नेताहरू आजाद तथा किसनजीको हत्या, कोवाड गान्धीको गिरफ्तारी लगायत थुप्रै क्षेत्रीय र स्थानीय माओवादी नेता कार्यकर्ताको हत्या र गिरफ्तारी जारी छ । २००४ मा माओवादी र सरकारबीच आन्ध्र प्रदेशमा र २०११ मा पश्चिम बंगालमा अल्प समयका लागि युद्धविराम र वार्ता भए पनि परिणाममुखी भएनन् । माओवादी नेता कोटेश्वर रावको हत्या सरकारले गरेपछि माओवादी पंक्ति सशंकित बन्न पुग्यो र निरन्तर छापामार युद्ध चलाइ नै रहेको छ ।

# त्रासबीच अफगानी युवायुवती उच्च शिक्षातर्फ आकर्षित

डेढ वर्षअघि अफगानिस्तानको काबुलस्थित नाबुद एकेडेमी ट्युसन सेन्टरमा आत्मघाती बम विस्फोट भएको थियो । बम विस्फोटनमा ट्युसन सेन्टरमा अध्ययनरत ४० विद्यार्थीको निधन भयो । यहाँ पढ्ने अधिकांश विद्यार्थी हजारा समुदायका थिए । हजारा समुदायका विद्यार्थी प्रवेश परीक्षा तयारीमा ट्युसन सेन्टरमा पढ्न आउँथे । ४० जनाको माथिल्लो तह अध्ययन गर्ने सपना आत्मघाती विस्फोटनमै विलय भयो ।

घटनामा जीवित नाजिबुल्लाह सुसेफी डेढ वर्षअघिको दिन सम्झना कहालीलाग्दो भएको बताउँछन् । विगतको सम्झना भुलाउँदै हजारा समुदायका विद्यार्थी फेरि ट्युसन सेन्टरमा आउने जानकारी दिँदा उनी दंग परेका छन् । 'सबै त्रसित छन्, घाउ निको पार्दै हजारा समुदायका विद्यार्थी बिस्तारै ट्युसन सेन्टरमा आउन थालेका छन्,' उनले भने, 'उनीहरूको मनभित्र फेरि विस्फोट पर्ने होइन भन्ने डर यथावत् नै छ ।'

अफगानिस्तानमा तालिबान आतंककारी समूहले हजारा समुदायमाथि लक्षित गरी आक्रमण गरेको नाजिबुल्लाहको अनुभव छ । 'डाटा हेर्‍यौं भने तालिबानले हजारा समुदायमाथि अत्याचार गरेको देखिन्छ, वास्तवमा यो समुदाय तालिबानको मारमा परेको छ ।' पछिल्लो समय यस समुदायका युवायुवती कलेज आउन थालेका छन् ।

ती युवायुवती अफगानिस्तानमै उच्च शिक्षा हासिल गर्न चाहन्छन् । 'मनभित्रको डर हटाउँदै उनीहरू कलेजतिर आकर्षित भइरहेका छन्, आफ्नै देशमा उच्च शिक्षा हासिल गर्ने मनसायका साथ कलेजमा भर्ना भइरहेका छन्,' उनले भने । १८ वर्षीया छात्रा मर्जिना मोहसेनीले सेनाको सुरक्षाकै कारण आफूहरू अध्ययन गर्न आएको बताइन् ।

'यदि तालिबानले आक्रमण गरे पनि हामी डराउँदैनौं, हाम्रो पछाडि सेनाले सुरक्षा प्रदान गरिरहेको छ,' मर्जिनाको भनाइ छ । भविष्यमा मर्जिना वकिल बन्न चाहन्छिन् । मर्जिनाले एउटा लक्ष्य बनाएकी छन् । उनी वकिल बन्ने सपना पूरा गर्न नै कलेज आएकी हुन् । 'अफगानिस्तानमा कमजोर समुदायको पक्षबाट वकालत गर्ने सपना छ,' उनले भनिन्, 'अफगानिस्तानमा सबैलाई समान अधिकार प्रदान गर्न मैले वकिल बन्ने सपना देखेकी हुँ ।'

अहिले हजारा परिवारका धेरैजसो युवा होस्टेलमा प्रतिमहिना १५ डलर खर्चंदै बसिरहेका छन् । यही १५ डलरमै उनीहरूले एक महिनासम्म दैनिक पास्ता र भात खाइरहेका छन् । गत वर्षको अक्टोबरमा एक आत्मघाती विस्फोटनमा मोहसेनीले एउटा खुट्टा गुमाइन् । कास्वारमा भएको घटनाका प्रत्यक्षदर्शी मोहसेनीले पुनः अध्ययन गर्न पाउँदा खुसी लागेको बताएकी छन् । भन्छिन्, 'साथीहरू कलेजमा देखिन पाइएको छ, ऊर्जाका साथ पढ्न पाउँदा अत्यधिक खुसी छु ।' तर, कक्षामा प्रवेश गरेको प्रत्येक मिनेटमा उनी डेढ वर्षअघिकै घटना सम्झन पुग्छिन् । जतिपटक बिर्सन खोज्दा पनि त्यो आत्मघाती विस्फोट दिमागबाट नहटेको उनको भनाइ छ ।



'कक्षामा बिताएको प्रत्येक मिनेट आत्मघाती विस्फोटकै झझल्को आइरहन्छ, तर म त्यो घटना बिर्सने प्रयास गरिरहेकी छु,' उनले भनिन्, 'घटनामा जति मृत्यु भए, उनीहरूको र मेरो सपना माथिल्लो तहको अध्ययन गर्नु हो ।' मोहसेनीका बुबा किसान र दाजु सैलुन चलाउँछन् । बुबा र दाजुको कमाइले नै ट्युसन सेन्टरमा फी तिर्ने गरेको महसेनीले बताइन् ।

'बुबा र दाजुलाई म आफूले सक्दो खुसी पार्नेछु,' उनले भनिन् । लगातारजसो आतंककारीले सरकारी कर्मचारी, पत्रकार, मानवअधिकारकर्मी, न्यायाधीश, धर्मगुरु तथा विद्यार्थीलाई निसाना बनाइरहँदा डर कायम नै रहेको मोहसेनीले विश्लेषण गरेकी छन् । गत १४ मार्चमा दुई कार विस्फोटमा पाँच नागरिकको मृत्यु भएको थियो । यस घटनामा १३ जना घाइते भए । मृत्यु हुनेमा दुईजना हजारा समुदायका थिए । यो विस्फोट माउद एकेडेमीअगाडि भएको थियो ।


डयानिस एकेडेमीका शिक्षक अहमेद रहिमीले विद्यार्थीहरू डरबीच अध्ययन गर्न आइरहेको बताएका छन् । भन्छन्, 'काबुल र यसको आसपासमा हुने विस्फोटका कारण विद्यार्थीमा एक किसिमको डर कायम नै छ, म उनीहरूको अनुहारमा डर देख्न सक्छु ।'

रहिमीसँग पाँच वर्षअघिको एक घटना आलै छ । सन् २०१७ मा एकेडेमीअगाडि नै आत्मघाती विस्फोट भएको थियो । जसमा आक्रमणकारीको मात्र निधन भयो । सबै विद्यार्थी सुरक्षित नै रहे । 'पाँच वर्षअघि हामी सबै आत्मघाती विस्फोटका साक्षी थियौं, त्यस दिन हामीहरूको दिन बलियो थियो, यस घटनाले पनि फर्किएका विद्यार्थीमा डर नहटेको जस्तो लाग्छ,' रहिमीले भने, 'उनीहरूले धेरै सपना त्यागिसकेका छन्, तर पढाइ भने निरन्तरता दिइरहेका छन् ।'

एक अध्ययनअनुसार मउद एकेडेमीमा विद्यार्थी संख्या घटेको छ । कुनै समयमा चार हजार विद्यार्थी रहेको एकेडेमीमा दुई हजार मात्र अध्ययनरत छन् । जति पनि अध्ययन गर्न आएका छन्, उनीहरूको इच्छा नै अफगानिस्तानमै एक सफल व्यक्ति बन्ने हो । विद्यार्थीको डर हटाउन विभिन्न एकेडेमीले मनोविज्ञान कक्षा पनि सञ्चालन गरिरहेको युसुफले बताए । युसुफ मउद एकेडेमीकै एक शिक्षक हुन् । 'समय मिलाएर हामी विद्यार्थीलाई आत्मविश्वास बढाउन मनोविज्ञान कक्षा सञ्चालन गरिरहेका छौं,' उनले भने, 'जीवनमा डरको सामना गरी अगाडि बढ्नुपर्ने शिक्षा दिइरहेका छौं ।'

**एजेन्सीको सहयोगमा**

प्रेरक
## गुरुको आदर



महान् योद्धा अलेक्जेन्डर युद्धमा जाँदा कहिलेकाहीँ आफ्ना गुरु अरिस्टोटललाई पनि साथमै लिएर जाने गर्थे। एकपटक एउटा युद्ध चलिरहेको समयमा गुरुचेला साथै थिए। सो लडाइँमा अलेक्जेन्डरले विजय पनि प्राप्त गरे। युद्धमा विजय प्राप्त गरिसकेपछि अलेक्जेन्डर आफ्ना गुरु अरिस्टोटलका साथ राजधानीतिर फर्किरहेका थिए। ठुल्ठूला पहाड र घना जंगल पार गर्दै उनीहरू आफ्नो राजधानीतिर फर्किरहेका थिए।

बाटोमा एउटा गहिरो खोला आयो। खोला कति गहिरो छ, अनुमान गर्न कठिन थियो। होसियारी नअपनाई पार गर्ने मुर्खता गर्दा ज्यान पनि जान सक्थ्यो। त्यसैले अरिस्टोटलले अलेक्जेन्डरलाई भने, 'यो खोला पहिले म पार गर्नेछु अनि खोलाको धार र गहिराइ बुझेर म तिमीलाई संकेत दिन्छु, तब मात्र तिमीले पार गर्नू।'

तर, अलेक्जेन्डरले गुरुको आज्ञाको पालना गरेनन्। उनी अलिकति पनि सोचविचार नगरी खोलामा हेलिए र कठिनसँगै खोला पार गरे। अलेक्जेन्डरको यस्तो व्यवहारबाट गुरु अरिस्टोटल निकै रिसाए। रिसाएका अरिस्टोटलले अलेक्जेन्डरलाई भने, 'आजसम्म तिमीले मेरो आज्ञाको अवज्ञा गरेका थिएनौ, फेरि आज अचानक तिमीलाई के भयो ? के विश्वविजयी बन्दै गएको उन्मादमा तिमीले आफू भन्दा ठूलाले भनेको मान्नुपर्छ भन्ने पनि बिर्सियौ ?'

अलेक्जेन्डरले बडो नम्रताले टाउको झुकाएर रिसाएका गुरुलाई भने, 'गुरु, यदि यो अनजान खोला पार गर्दा तपाईंलाई केही भइहालेको भए त्यस्तो अवस्थामा मैले तपाईंजस्तो अर्को गुरु पाउने थिइन। तर, यदि म डुबेको भए तपाईंले आफ्नो ज्ञानले मजस्ता धेरै अलेक्जेन्डर तयार पार्न सक्नुहुन्थ्यो। त्यसैले मैले पहिला आफ्नो ज्यान जोखिममा हालेको हुँ, हजुरको आज्ञा उल्लंघन गरेकामा मलाई माफ गर्नुहोस् गुरु।' अलेक्जेन्डरको जवाफ सुनेपछि खुसी भएका अरिस्टोटलले उनलाई अँगालो हाले।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
हतारको निर्णयले काम रोकिन सक्छ। बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्ला। अरूको व्यवहारले शंका उब्जाए पनि मान्यजनको सुझाव शिरोधार्य गर्दा फाइदा हुनेछ। विशेष योजना सार्वजनिक नगर्नुहोला। दिगो योजनामा अघि बढ्दा लाभ मिल्नेछ। शुभचिन्तकहरूको सहयोग जुट्नेछ भने अप्ठ्यारो स्थितिमा सुधार आउनेछ। मिहिनेतले आँटेको काम बन्नेछ।

### वृष
जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुर्याउँदा केही चुनौती आउन सक्छन्। प्रतिस्पर्धीलाई कमजोर नठान्नुहोला। दाजुभाइमा असमझदारी बढ्न सक्छ। व्यापारमा प्रतिस्पर्धा बढ्नेछ र सहयोगीहरू पछि हट्नेछन्। तापनि नयाँ काम प्रारम्भ गर्ने समय छ। व्यवसायमा सामान्य लाभ हुनेछ तर चिताएको दाम नउठ्न सक्छ। मिहिनेतले काम बनाउन सकिनेछ।

### मिथुन
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ। विचारले धेरैलाई आकर्षण गर्ने समय छ। प्रशंसकहरू बढ्नेछन्। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। वादविवादमा परिने समय भएको हुँदा थोरै बोल्नु बुद्धिमानी हुन्छ। सहयोगीहरूको साथले रोकिएका काम सम्पादन गर्न सकिनेछ। स्वास्थ्यमा केही समस्या आउला। खानपानमा होसियार हुनुपर्ने देखिन्छ।

### कर्कट
नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ। रचनात्मक काम प्रारम्भ गर्ने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द मिल्नेछ। यात्रको सम्भावना छ।

### सिंह
बेसुरमा खर्च गर्ने बानीले समस्या निम्त्याउनेछ। अर्थअभावले विशेष काम रोकिन सक्छ। अवसरका लागि केही दौडधुप गर्नुपर्ला। व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका पाइनेछ। आर्थिक समस्या सुल्झाउन कर्जा लिनुपर्ला। सरसापटमा गएको रकम भने फिर्ता हुनेछ। टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ।

### कन्या
व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। तर, आजको लाभांश सञ्चय नहुन सक्छ। व्यावसायिक काममा लगानी बढाउनुपर्ला। सरसापटमा धन बाहिरिन सक्छ। श्रमको राम्रै मूल्यांकन भए पनि धन जुट्न समय लाग्नेछ। भएको आम्दानी र सञ्चित रकम समेत खर्चनुपर्ला। आवश्यक पर्दा कर्जामार्फत धन जुट्नेछ। केही जिम्मेवारी पनि प्राप्त हुनेछ।

### तुला
अवसर प्राप्त भए पनि बेसुरमा काम गर्ने बानीले चुनौती निम्त्याउन सक्छ। मिहिनेत गर्दा काम प्रारम्भ हुनेछ। तर प्रशस्त दाम भने हातलागी नहुन सक्छ। सहयोगीबाट गोपनीयता बाहिरिन सक्छ। मिहिनेतले व्यावसायिक चुनौती पन्छाउन सकिनेछ। तत्काल लक्ष्य प्राप्त नभए पनि दीर्घकालीन योजना बन्नेछ। स्वार्थका लागि नजिकिनेहरूबाट सजग रहनुहोला।

### वृश्चिक
मिहिनेत परे पनि भविष्यका लागि जग बसाउने अवसर प्राप्त हुनेछ। सामाजिक काममा रुचि बढ्नेछ। आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ। शक्तिको धाक देखाउनेहरू स्वतः निहुरिनेछन्। धार्मिक र सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ। रोकिएको कामले पनि निकास पाउनेछ। फजुल खर्च भने बढ्न सक्छ। विश्वासघात गर्नेहरू सक्रिय रहनेछन्।

### धनु
खानपानको असावधानीले स्वास्थ्यलाई हानि गर्न सक्छ। काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला। गोपनीयता बाहिरिनाले समस्या आइपर्ला। आम्दानी रोकिनाले केही योजना स्थगन हुन सक्छन्। पहिलेका समस्या दोहोरिनाले अलमल बढ्नेछ। ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ। कामको चाप पनि बढ्न सक्छ।

### मकर
केही खर्च लागे पनि खानपान तथा मनोरञ्जनको समय छ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउनेछ। अतिथिका रूपमा सत्कार पाइनेछ। परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ। निम्तो आए पनि आतिथ्य खर्चिलो बन्न सक्छ। व्यवसायको सन्दर्भमा यात्राको अवसर पनि जुट्नेछ। तर बलजफ्ती प्रयत्न गर्दा समस्या आउन सक्छ।

### कुम्भ
परिस्थितिवश सानोतिनो समस्याले अल्झाउनेछ। मिहिनेतीहरूका लागि भने समय उत्साहजनक नै रहनेछ। प्रतिस्पर्धामा विजयी भइनेछ भने ईर्ष्या गर्नेहरूले हार खानेछन्। पराक्रमद्वारा अधिकार स्थापित हुनेछ। यात्रा गर्दा धनमाल सुरक्षामा ध्यान दिनुहोला। बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ। अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय लाग्नेछ।

### मीन
छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला। समयतालिका नमिल्दा योजना अधुरै रहनेछ। हल्लाको पछि लाग्दा व्यर्थैमा दुःख पाइनेछ। आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान्। तर मिहिनेत गर्दा बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। सहपाठीहरूलाई उछिन्दै पुरस्कार, प्रशंसा आदि प्राप्त गर्न सकिनेछ। यात्राको अवसर आउनेछ। साथीभाइहरुबाट साथ मिल्नेछ।

# समाचार संक्षेप

## दुर्घटनामा २ जनाको मृत्यु

काठमाडौं। रौतहट, ईशनाथ नगरपालिका-४ लटमरीस्थित सडकमा ना.अ त ११४१ नम्बरको ट्याक्टरको ठक्करबाट सोही ठाउँ बस्ने शेख मन्तजिरको छोरा ६ वर्षीय शेख मेराजको सोमबार साँझ मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको स्थानीय मेडिकलमा उपचारको क्रममा मृत्यु भएको हो। हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ।

सप्तरी, शम्भुनाथ नगरपालिका-८ मिलन चोकस्थित सडकमा को.१ ख ७०५२ नम्बरको ट्याङ्करले बा.९२ प ४७०२ नम्बरको मोटरसाइकललाई सोमबार राति ठक्कर दिँदा मोटरसाइकल चालक सिरहा लक्ष्मीपुर गाउँपालिका-३ पोखरभिन्डा बस्ने ४० वर्षीय उपेन्द्र राई दुनुवारको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारको लागि सगरमाथा अंचल अस्पताल अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। हाल फरार ट्याङकर चालकको प्रहरीले खोजी गरिरहेको छ।

## डुबेर मृत्यु

काठमाडौं। दोलखा, तामाकोशी गाउँपालिका-३ स्थित चङगे खोलामा पौडी खेल्ने क्रममा डुबरर शैलुङ गाउँपालिका-३ ढुङगे घर भएका २० वर्षीय फुर्गेल तामाङको सोमबार दिउँसो मृत्यु भएको छ। डुबेर गम्भीर घाइते भएका उनको उपचारको लागि चरिकोट अस्पताल चरिकोटतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो।

अछाम, साँफेबगर नगरपालिका-१० कोटवाडा बस्ने गणेश भुलको छोरा ८ वर्षीय आदित्य भुलको घर नजिकै रहेको पोखरीमा पौडी खेल्ने क्रममा डुबेर सोमबार दिउँसो मृत्यु भएको छ। मकवानपुर, मकवानपुर गढी गाउँपालिका-५ धादिङ बस्ने गोपाल पौडेलको छोरा १२ वर्षीय किस्मत पौडेल सोही ठाउँस्थित सामरी खोलामा डुबेर मृत्यु भएको अवस्थामा सोमबार फेला परेका छन्।

## मृत अवस्थामा फेला

काठमाडौं। लमजुङ, राईनास नगरपालिका-१० लामागाउँस्थित लामागाउँ सामुदायिक जङगलमा दाङ तुल्सीपुर नगरपालिका-२ बस्ने २० वर्षीय सुमन चौधरी सोमबार मृत अवस्थामा फेला परेका छन्। कञ्चनपुर, बेलडाँडी गाउँपालिका-५ झिलमिलास्थित महाकाली सिचाँई शाखा नहरमा सोही ठाउँ बस्ने ५५ वर्षीया घुम्मा राना सोमबार मृत अवस्थामा फेला परेकी छिन्। धनकुटा, महालक्ष्मी नगरपालिका-३ जिमि गाउँ बस्ने लिला बहादुर मखाको घरको बरण्डामा रहेको खाटमा सोही ठाउँ बस्ने ४८ वर्षीय भुपाल खाती मंगलबार मृत अवस्थामा फेला परेका छन्।

## दुर्घटनामा ४ जनाको मृत्यु

काठमाडौं। सुनसरी, ईटहरी उपमहानगरपालिका-१० पुरानो टास्फोटस्थित सडकमा को.१३ प ५७८२ नम्बरको मोटरसाइकलको ठक्करबाट साईकलयात्री सोही उपमहानगरपालिका-१२ बस्ने ५५ वर्षीय सहदेव ठाकुरको सोमबार मृत्यु भएको छ। शनिबार साँझ उक्त मोटरसाइकलले ठक्कर दिँदा गम्भीर घाइते भएका उनको सामुदायिक हस्पिटल हुँदै बिराटनगर न्यूरो हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको हो। मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

कैलाली, लम्कीचुहा नगरपालिका-३ खैरेनीस्थित सडकमा हाल नम्बर नखुलेको सवारी साधनको ठक्करबाट हाल नाम, थर, वतन नखुलेका करिब ५५ वर्षीय पुरुषको आइतबार राति मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको टिकापुर अस्पताल कैलालीमा उपचारको क्रममा मृत्यु भएको हो। हाल फरार सवारी साधनको प्रहरीले खोजी गरिरहेको छ।

यसैगरी कैलाली, टिकापुर नगरपालिका-५ मौरनियास्थित से.७ प १३४८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई आइतबार साँझ दुर्घटना हुँदा मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने ६१ वर्षीय राजु चन्दको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको टिकापुर अस्पताल हुँदै थप उपचारको लागि कोहलपुर बाँकेतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक सोही ठाउँ बस्ने ४५ वर्षीय अनिल जोशीको भेरी अंचल अस्पतालमा उपचार भइरहेको छ।

झापा, मेचीनगर नगरपालिका-७ स्थित सडकमा डब्लुबी ३७ बी ३३२४ भारतीय नम्बरको ट्रकको ठक्करबाट साईकलयात्री मेचीनगर नगरपालिका-८ जोर सिमल बस्ने ३० वर्षीय मनोज मेचेको सोमबार बिहान मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको बिएण्डसी अस्पताल बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको हो। फरार ट्रक चालकको प्रहरीले खोजी गरिरहेको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। काठमाडौं, दक्षिणकाली नगरपालिका-८ केरावारीस्थित बागमती नदी किनारमा हाल नाम, थर, वतन नखुलेका करिब ३५ वर्षीय पुरुष आइतबार मृत अवस्थामा फेला परेका छन्। कैलाली, मोहन्याल गाउँपालिका-७ त्रिवेणी धामस्थित कर्णाली नदीको किनारामा सुर्खेत चौकुने गाउँपालिका-१० बस्ने ४० वर्षीय चक्र बहादुर शाही आइतबार मृत अवस्थामा फेला परेका छन्। धादिङ, बेनिघाट रोराङ गाउँपालिका-५ चरौदीस्थित त्रिशुली नदीमा हाल नाम, थर, वतन नखुलेका करिब ४५ वर्षीय पुरुष आइतबार मृत अवस्थामा फेला परेका छन्। महोत्तरी, महोत्तरी गाउँपालिका-१ पर्साटोल बस्ने गणेश दासकी छोरी १५ वर्षीया रानी दास घर नजिक खेतमा आइतबार मृत अवस्थामा फेला परेकी छिन्। मोरङ, बिराटनगर महानगरपालिका-१६ दक्षिण गेट नजिक चौरमा हाल नाम, थर, वतन नखुलेकी करिब २५ वर्षीया महिला सोमबार मृत अवस्थामा फेला परेकी छिन्।

## दुर्घटनामा ८ जनाको मृत्यु

काठमाडौं। नवलपरासी (पूर्व), सुनसरी, भक्तपुर, सर्लाही, मोरङ र धनुषाका छुट्टाछुट्टै स्थानहरूमा भएको सवारी दुर्घटनामा परी ८ जनाको मृत्यु भएको छ।

नवलपरासी (पूर्व), विनयी त्रिवेणी गाउँपालिका-२ दाउन्नेस्थित सडकमा बुटवलबाट नारायणघाटतर्फ आउँदै गरेको ना.५ ख ७००० नम्बरको बस आफैँ अनियन्त्रित भई सडकबाट करिब २ सय मिटर तल खसेर शनिबार साँझ दुर्घटना हुँदा ईलाम बस्ने २५ वर्षीया धनु दर्लामी लगायत ३ जनाको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको पुरानो मेडिकल कलेज अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका मध्ये ४ जनाको पुरानो मेडिकल कलेज र २० जनाको भरतपुर मेडिकल कलेजमा उपचार भईरहेको छ भने ४ जना उपचार पश्चात डिस्चार्ज भएका छन्। बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

सुनसरी, ईटहरी उपमहानगरपालिका-६ पश्चिम लाईनस्थित सडकमा ना.५ ख ११११ नम्बरको बसले को.३३ प ३२४० नम्बरको मोटरसाइकललाई शनिबार बेलुका ठक्कर दिँदा मोटरसाइकल चालक ईटहरी बस्ने ४२ वर्षीय बीरेन्द्र चौधरीको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाईते भएका उनको धरान घोपा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

भक्तपुर, चाँगुनारायण नगरपालिका-७ बागेश्वरी ठुलीगाउँस्थित सडकमा बा.९० प १२७५ नम्बरको मोटरसाइकल आफैँ अनियन्त्रित भई सडक छेउको नालीमा खसेर शनिबार साँझ दुर्घटना हुँदा मोटरसाइकल चालक सोही ठाउँ बस्ने ४६ वर्षीय दामोदर लामिछानेको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाईते भएका उनको भक्तपुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो।

सर्लाही, लालबन्दी नगरपालिका-७ डुमडुमेस्थित सडकमा प्रदेश २-०२-००३ प ०४९८ नम्बरको मोटरसाइकललाई हाल नम्बर नखुलेको सवारी साधनले आइतबार बिहान ठक्कर दिँदा मोटरसाइकलमा सवार धनुषा जनकपुर उपमहानगरपालिका-१८ बस्ने २७ वर्षीय संजित दासको मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाईते भएका उनको प्राथमिक स्वास्थ्य केन्द्र लालबन्दीमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक सोही ठाउँ बस्ने २८ वर्षीय सुनिल गिरीको सोही अस्पतालमा उपचार भइरहेको छ। ठक्कर दिने सवारी साधनको प्रहरीले खोजी गरिरहेको छ।

मोरङ, धनपालथान गाउँपालिका-४ स्थित सडकमा को.२७ प ६४५९ नम्बरको मोटरसाइकल आफैँ अनियन्त्रित भई आइतबार बिहान दुर्घटना हुँदा मोटरसाइकल चालक रंगेली नगरपालिका-२ बस्ने २३ वर्षीय भोला शर्माको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाईते भएका उनको कोशी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार सोही नगरपालिका-३ बस्ने २२ वर्षीय कासमिक मुर्मुको सोही अस्पतालमा उपचार भईरहेको छ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Ruddy = रातो पिरो His ruddy face proves his healthiness (उसको रातो पिरो अनुहारले उ स्वस्थ छ भन्ने प्रमाणित गर्दछ)

Substantiate = यथार्थमा परिणत गरि देखाउनु Substantiating every concept requires both time and resources (कुनै पनि सोचलाई यथार्थमा परिणत गर्न समय र श्रोत दुवैको उत्तिकै आवश्यकता पर्दछ)

Trepidation = भय Having a feeling of trepidation before interview is a normal phenomenon (अन्तर्वार्ताको अगाडि डरलाग्नु एक सामान्य प्रवृत्ति हो)

Unravel= वाधा अडचन फुकाउनु। समाधान गर्नु She is quite pragmatic and unravel any complexity without much effort (तिनी ज्यादै ब्यवहारिक छिन र कुनै पनि समस्या विना ठूलो प्रयास सजिलै समाधान गर्दछिन आफुले दर्शाएको जतिनै प्रेम नदर्शाएकोमा उनी आफ्नो प्रेमी प्रति क्रोधित भइन)

Virtuoso = अतिनै दक्ष कलाकार Already at the age of 18, he was quite a virtuous (१८ औं वर्षको उमेरमा ऊ दक्ष कलाकार वनीसकेको थियो)

Woe = गहिरो सहन नसकिने वेदना वा दुख At his mother's demise, he passed many days with woe (आमाको मृत्युमा उस्ले धेरै दिन सम्म दुखित भएर वितायो)

Artless = छक्का पंजा गर्न नजान्ने, पूर्वाग्रह विना He is expert in making artless comment (उ विना पूर्वाग्रह टिप्पणी गर्दछ)

Brevity = छोटोपन When you send a telegram, brevity is essential because you have to pay for every word (यदि तिमी टेलिग्राम पठाउदैछौ भने छोटकरी गर्नु आवश्यक छ किनकी तिमिले हरेक शब्दको लागि पैसा तिर्नु पर्दछ)

Craven = कातरपूर्ण His craven refusal to join the protest was criticized by all (जुलुसमा भाग नलिने उस्को कातरपूर्ण नकारोक्तिको सबैद्वारा आलोचित भयो)

Dissemble = वाहाना वनाउनु, छक्याउनु Although he dissembled his motive to go to tuition was to study, all knew that he went there because his girl friend was there (ट्यूसनमा जाने भनेर उस्ले सबैलाई छक्याएता पनि उस्को केटी साथी त्यहा भएको हुनाले ऊ त्यहा गएको हो भन्ने सबैले थाहापाए)

Extrovert = वहिरमुखी Extroverts always prefer to lively conversation and establish contact with others (वहिरमूखीहरू छलफल गर्न र अरूहरूसंग संम्पर्क स्थापित गर्न मनपराउदछन्)

## Like बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Like somebody = कसैलाइ मन पराउनु She likes you very much तिन्ले तिमीलाई खुबै मनपराउछिन्।

Like something = केही कुरामा मनलाग्नु I like swimming very much मलाइ पौडिखेल्न खुबै मनपर्छ।

Like = जस्तै I want a house with garden like yours मलाई तिम्रो जस्तै घर र बगैचाको चाहना छ।

Like = जस्तै Cats always are in search of mice like creatures बिरालो सधै मुसा जस्तै प्राणीको खोजिमा हुन्छ।

Like anything = जसो गरेर भएपनि I must finish this work like anything मैले जसो गरेर भएपनि यो काम सक्नै पर्छ।

As like as not = सधैको जस्तो वा होइन It will rain this afternoon as like as not आज दिउसो सधैको जस्तो पानी पर्न वा नपर्न सक्छ।

Like-minded = उस्तै सोच भएको Hari and Gopal are like-minded हरी र गोपाल उस्तै सोच भएका मान्छे हुन्।

Likes and dislikes = मन पर्ने र मन नपर्ने Every human being has one's likes and dislikes हरेक मानवीय प्राणीको आफनै मन पर्ने र नपर्ने कुराहरू हुन्छन।

Alike = जस्तै He is his mother alike उ आफनी आमा जस्तै छ।

Unlike = नजस्तै Unlike his father he is kind उ वावु जस्तो नभै दयावान छ।

## सुडोकु-अंक २२३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ८ | ६ | | | |
| | | ४ | | ५ | ७ | १ | | ८ |
| | ८ | | | | २ | | ६ | ३ |
| १ | | ९ | | | | | ५ | ४ |
| | | | | १ | | | | |
| ८ | ३ | | | | | २ | | ९ |
| ९ | १ | | २ | | | | ३ | |
| २ | | ५ | ८ | ३ | | ६ | | |
| | | | ६ | ७ | | | | |

## अंक २२२ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | २ | ५ | ९ | १ | ४ | ७ | ८ | ६ |
| ९ | ७ | ६ | ३ | २ | ८ | १ | ५ | ४ |
| १ | ८ | ४ | ५ | ६ | ७ | ९ | ३ | २ |
| २ | ३ | १ | ८ | ४ | ९ | ६ | ७ | ५ |
| ८ | ४ | ९ | ६ | ७ | ५ | ३ | २ | १ |
| ५ | ६ | ७ | १ | ३ | २ | ८ | ४ | ९ |
| ६ | १ | २ | ४ | ८ | ३ | ५ | ९ | ७ |
| ४ | ९ | ८ | ७ | ५ | ६ | २ | १ | ३ |
| ७ | ५ | ३ | २ | ९ | १ | ४ | ६ | ८ |

# Pioneer of Era of Independence



The Democratic People's Republic of Korea is the only country in the present world, which is braving by dint of its great dignity all kinds of challenges that attempt to turn the current of the new era of independence. Although all of the self-advertising statesmen in the world had put forward their own doctrines, the greatness transcending all the doctrines lies in the Juche idea authored by President Kim Il Sung. To learn from him is precisely to defend one's own self-respect, and this is the best option for a politician of the present era to defend himself and the dignity of his own country.

This is what Samdech Norodom Sihanouk of Cambodia said in his lifetime.

There is an example that shows the political faith of President Kim Il Sung (1912-1994), whom Samdech Norodom Sihanouk so revered.

Just after the end of the Korean war (1950-1953), Kim Il Sung advanced the line of building an independent national economy by giving priority to the development of heavy industry while simultaneously developing light industry and agriculture.

At the time a so-called socialist superpower wondered how Korea, a small country, could carry out such huge tasks and brought pressure and appeasement to bear upon it, saying that if the latter joined the Council of Mutual Economic Assistance, it could develop its economy and improve its people's living standards. However, the stand of the DPRK remained unchanged.

In June 1994, before his demise, Kim Il Sung had a talk with the chairman of the Central Committee of the Belgian Labour Party, who visited the DPRK.

He said: In the world there are countries, big and small, developed and developing, but there cannot be senior or junior, dominator or the dominated; our country is small, but never junior to others; ours is a developing country, but we never tolerate other's domination; we are making every endeavour to accomplish the revolutionary cause of Juche, holding fast to the principles of Juche in ideology, independence in politics, self-sufficiency in the economy and self-reliance in national defence.

Indeed, Kim Il Sung met with heads of state and people from all walks of life of the world until the last days of his life, and gave instructions for the independent development of countries and global independence.

The following is another example.

In April 1994, when a journalist delegation of the American newspaper *Washington Times* met Kim Il Sung in Pyongyang, they asked him: "This is an opportunity for you to tell the world clearly what you want to say. What is your message? In specific, what is your message to the leadership of the United States?

Kim Il Sung answered,

"Ours is an era of independence. Many countries aspire to independence and fight every manner of domination and enslavement. People's desire for independence and many countries' advance along the road of independence are the main trend of our times, which no force can ever check. All nations round the world must respect, cooperate with one another and make joint efforts to achieve the common prosperity of mankind, on the principles of international justice and equality, in accordance with the trend of our times towards independence.

"We hope that the United States will also abandon its outmoded cold war conceptions and keep pace with the age of independence. Then the US will make a notable contribution to world peace and progress."

## Paektusan Bog Bilberry, Specialty of the DPRK



Blueberry, a species *Vaccinium australe* of the family *Ericaceae*, and its processed goods are popular among the people for its various properties good for human health. Especially popular is bog bilberry in Mt Paektu, which is situated in the highest area in Korea (2 750m) and is designated as a world biosphere reserve. It occurs in the natural forests free from air pollution.

Containing protein, crude fat, pectin, flavonoid and various vitamins such as vitamin C, it is good for treating and preventing diseases of cardiovascular and circulatory systems, for promoting metabolism, for treating coughing and diarrhea, for lowering fever and neutralizing drug addiction.

Paektusan bog bilberry is more efficacious when it is eaten fresh; and if dried fruits are eaten, they have a positive effect, like lowering the level of sugar in the blood. In the city of Samjiyon adjacent to Mt Paektu, it is difficult to find people wearing glasses; even the elderly do not wear glasses. It is because bog bilberry is efficacious against aging. It is also efficacious in treating acute and chronic enterocolitis, tonsillitis and urinary tract infection, in preventing aging of the skin and in removing wrinkles.

The Democratic People's Republic Korea widely cultivates bog bilberry and produces its processed goods. The university of agriculture and forestry in Hyesan, the seat of Ryanggyang Province, has a laboratory specializing in studying bog bilberry. In Samjiyon there are cultivated and natural bog bilberry fields covering an area of nearly 1 000 hectares. The Paektusan bog blueberry processing factory in Hyesan and the bog bilberry drinks factory in Samjiyon produce wine, jam, carbonated drink, fermented soft drinks, candy, biscuits, bread, jelly, ice cream and tea with bog bilberry. The bog bilberry wine stored in oak barrel tastes gentle and refreshing. Their products are favoured not only by the Korean people but also by the foreigners visiting the DPRK.

## A Household Doctor



There are household doctors in the Democratic People's Republic of Korea, where universal free medical care is in force.


Employed at a certain people's hospital or polyclinic, which is in charge of public health service in a ri or dong, the lowest administrative unit of the country, they are in charge of a certain number of households. Their task is to work at their hospitals or polyclinics in the morning and make a round of visits to the households in their charge in the afternoon for hygiene information work, vaccination or regular check-up.

## Rare Bird Fossils Found

Recently, fossils including those of a bird of the Mesozoic age were discovered in the area of the Paektho-dong, Sinuiju, North Phyongan Province, in the northwestern part of the Democratic People's Republic of Korea.

The paleontological research team of Kim Il Sung University unearthed the fossils of the head and toe bones, 11 primary flight feathers and small flight feathers in the third layer of the Sinuiju formation (about 130 million years old) that belongs to a Cretaceous layer of the Mesozoic age.

Also they discovered the fossils of a dinosaur teeth, primitive mammals and fishes. Fossils of many animals and plants had already been unearthed there; among them, there was *archaeopterixarchaeopterix coreanica* (approximately 150 million years old), which attracted the special attention of the world academic circles.



## Are They Really Orphans?



These are students of Pyongyang Primary School for Orphans.There are nurseries, kindergartens, primary schools and middle schools for orphans in various parts of the Democratic People's Republic of Korea.

## खेतैभरि...

जनाको ज्यान गएको थियो । १३ हजार ६४० संक्रमित त बेंगलुरुमै भेटिएका थिए । कर्नाटकमा कोरोना संक्रमण बढेपछि अक्सिजन माग ह्वात्तै बढेको छ । दैनिक १५ सय टन अक्सिजन माग भएकोमा केन्द्र सरकारले राज्यलाई जम्माजम्मी ३०० टन उपलब्ध गराउन सकेको छ ।

## अयोध्यापुरीमा...

मन्त्रोच्चारणसहित पृथ्वी राजमार्ग हुँदै देवघाटतर्फ पठाइएको थियो । संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री भानुभक्त ढकालको नेतृत्वमा गएको रथयात्रा समूह बेलुकी देवघाट पुगेको पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा. प्रदीप ढकालले जानकारी दिनुभयो ।

रथयात्रा समूह मङ्गलबार देवघाटमै बास बसेको थियो । श्रीरामनवमीका दिन बिहान गण्डकीमा स्नानसहित पूजा आराधना गरी चितवनको माडीस्थित अयोध्यापुरीमा पुगेको थियो । प्रतिस्थापन एवं प्राण प्रतिष्ठापछि पूजा आराधना, भजन, कीर्तनलगायत कार्यक्रमसमेत राखिएको थियो । गत असारमा प्रधानमन्त्री ओलीले 'रामको जन्मभूमि' अयोध्यापुरीमा राम, सीता, लक्ष्मण र हनुमानका मूर्ति राख्ने घोषणा गर्नुभएको थियो ।

## शक्तिशाली...

आयोगमा निवेदन दिएको पाँच दिन भएको छ । तर निर्वाचन आयोग अझै यसमा प्रवेश नै गरेको छैन । आधिकारिकताको माग दाबी आएपछि आयोगले अर्को पक्षलाई १५ दिनको समय दिएर त्यस विषयमा जवाफ माग गर्नुपर्ने कानुनी प्रक्रिया छ । अर्कोतिर ओली पक्षले पनि केन्द्रीय कमिटी बैठकबाट भएका निर्णयहरूको अभिलेखीकरणका लागि आयोगमा निवेदन दिएको छ । यसअघि नेकपाको विवाद हुँदा ओली पक्षले विधानविपरीत गरेको केन्द्रीय समितिको विस्तारलाई मान्यता दिएको थिएन ।

आजको एमाले झापा विद्रोहको विरासत हो । २०२८-०२९ सालमा सुदूरपूर्वी जिल्ला झापाका बुद्धिजीवी युवाहरूले निरंकुश फासिस्ट एकदलीय पञ्चायती शासनविरुद्ध हतियार उठाएका थिए । यसले नेपालको कम्युनिस्ट आन्दोलनमै खैलाबैला मच्चाइदियो । केपी ओली पनि झापा आन्दोलनकै लिगेसी बोकेर केन्द्रीय नेतृत्वमा उदाएका हुन् । झापा आन्दोलन मूलतः माओ विचारधारा र चारु मदुमदार लाइनमा आधारित थियो । दीर्घकालीन सशस्त्र विद्रोहद्वारा गाउँले सहर घेर्दै केन्द्रीय सत्तामा धावा बोल्ने माओ विचारधाराको नेपाली भूमिमा यो पहिलो प्रयोग थियो । वर्गशत्रु सफाय अभियानअन्तर्गत झापामा ठूला जमिनदारदेखि सुराकीका नाममा गरिब समेत मारिए । कम्युनिस्ट युवाहरूमा त्यसबेलाको नक्सलबाडी विद्रोहको गहिरो प्रभाव परेको थियो ।

चारु मजुमदारले वर्गशत्रु सफाय अभियानको नेतृत्व गरेका थिए । सिंगो भारतीय उपमहाद्विपमा नक्सलबाडी विद्रोहले हलचल मच्चाएको थियो । विद्रोहीहरूलाई नक्सलपन्थी भन्न थालियो । पछि इन्दिरा गान्धी नेतृत्वको केन्द्रीय सरकार र ज्योति बसुको पश्चिम बंगालको मार्क्सवादी सरकार मिलेर नक्सलबादी आन्दोलनमाथि सैनिक दमन गरियो । चारु मजुमदारको गिरफ्तारीपछि हत्या गरिएपछि नक्सलबाडी आन्दोलनको तेज हरायो । अहिले लामो अन्तरालपछि भारतमा माओवादी विद्रोह फेरि सङ्लिएको छ ।

यता झापाका कम्युनिस्ट योद्धाहरूमाथि पनि निर्मम दमन सुरु भयो । रामनाथ दाहाल, नेत्र घिमिरे, विरेन राजवंशी, नारायण श्रेष्ठ, कृष्ण कुइँकेललाई सुखानीको जंगलमा लगेर हत्या गरियो । अगुवा नेताहरू धमाधम समातिए । यही बेला केपी ओली पनि रौतहटबाट पक्राउ परे र १४ वर्ष बन्दी जीवन बिताउन बाध्य भए । झापा जिल्ला कमिटी हुँदै कोअर्डिनेशन कमिटी बन्यो । २०३५ सालमा नेकपा मालेको गठन भयो । सीपी मैनाली मालेका संस्थापक महासचिव चयन भए ।

तर ०३९ सालमा सीपीलाई महासचिवबाट अपदस्थ गरियो । झलनाथ खनाल महासचिव बने । पार्टीमा देखापरेको राजनीतिक स्वतन्त्रता र पार्टी स्वतन्त्रताको लाइनबीच तीव्र तकराव सुरु भयो । राजनीतिक स्वतन्त्रता पक्षधरहरू बहुमतमा देखिए । यो पक्षले पार्टी स्वतन्त्रता पक्षधरहरूलाई पेल्न सुरु गऱ्यो । ०४६ सालको जनआन्दोलनले पार्टी स्वतन्त्रता सही लाइन भएको प्रमाणित गऱ्यो । तर गल्तीलाई समीक्षा गरिएन । यसबेलासम्म मालेको शीर्ष नेतृत्वमा मदन भण्डारीको उदय भइसकेको थियो । उनकै पहलमा मनमोहन अधिकारी नेतृत्वको मार्क्सवादी पार्टीसँग मालेको एकता भयो र त्यसको न्वारान गरियो नेकपा एमाले भनेर ।

मदन भण्डारीले मालेको नौलो जनवादलाई परित्याग गर्दै जनताको बहुदलीय जनवादलाई महाधिवेशनबाटै अनुमोदन गराए । जबज मार्क्सवादी लेनिनवादी लाइन होइन । यो त एन्टिनियो ग्राम्सीद्वारा प्रतिपादित लाइन हो । संसदीय निर्वाचनबाट सत्तामा पुग्ने उपाय । दुईतिहाई बहुमत ल्याएर कम्युनिस्ट शासन लागू गर्ने सरल र सहज बाटो । यसले जनसेना र सशस्त्र संघर्षलाई स्वीकार गर्दैन । झापा विद्रोहकै बाटो समातेर जनमुक्ति सेना बनाएर दशक लामो विद्रोह गरेको माओवादी समेत आखिर संसदीय आहालमै पौडी खेल्न आइपुग्यो । माओवादीबाट विद्रोह गरेर वैज्ञानिक समाजवाद खोज्न हिंडेको नेत्रविक्रम चन्द विप्लव समूह पनि आखिर संसदीय प्रणालीमै बामे सर्ने भएको छ । नेपालमा अब क्रान्तिकारी कम्युनिस्ट पार्टी भन्ने नै रहेन । कम्युनिस्ट ट्याग भिरेर हँसिया हथौडा ट्रेडमार्क बोकेर संसदीय प्रणालीमा डुबुल्की मार्ने नियति बन्न पुगेको छ नेपालको कम्युनिस्ट आन्दोलन ।

देशमा विद्यमान वाम घटकहरूमध्ये एमाले नै सबैभन्दा शक्तिशाली घटक हो । यसका झन्डै ७ लाख कार्यकर्ताहरू छन् । एमालेले पटक पटक सरकारको नेतृत्व गरिसकेको छ । अहिले पनि एमाले अध्यक्ष केपी ओली मुलुकका कार्यकारी प्रमुख छन् । तर यसबेला एमाले तीन समूहमा विभाजित भएको छ- नेपाल-खनाल समूह, वामदेव समूह र ओली समूह ।

कार्यकर्ताको हिसाबले खनाल-नेपाल समूह र ओली समूह हैसियतमा झन्डै बराबरी जस्तै छन् । तर वामदेव समूह खासै मजबुत छैन । प्युठानबाहेक अन्यत्र त्यसको जनाधार छैन । एमाले कार्यकर्ता, शुभचिन्तक र समर्थकहरू पार्टी नफुटोस् भन्ने कामना गरिरहेका छन् । तर नेताहरू भने एकले अर्कोलाई अर्घेलो देखाउनमै व्यस्त छन् । ओलीले पार्टीभित्र आफ्ना आलोचकहरूलाई भरसक लघार्न नै खोजिरहेका छन् । माधव नेपालहरू आफूलाई अपमान गरिएको झोंकमा छुट्टै पार्टी बनाउने कसरतमा छन् । पाँच महिनाको संवादहिनतापछि प्रधानमन्त्री ओली र वरिष्ठ नेता माधवकुमार नेपालबीच पहिलोपटक संवाद भएको छ । यसले आम कार्यकर्तामा खुसी छाए पनि मुस्कुराउने अवस्था आइसकेको छैन । फागुन २८ को निर्णय खारेज गर्दै २०७५ जेठ २ को अवस्थामा फर्कन नेपालले गरेको अनुरोधलाई ओलीले अस्वीकार गरेका छन् । अवस्था यस्तै रहे शक्तिशाली एमाले तीन टुक्रा हुने देखिन्छ । फुटको भागिदार ओली, नेपाल र गौतम तीनै जना हुनेछन् ।

## नेपालको...

नेकपामा भएका गतिविधि, एकअर्कालाई गरेको कारबाहीका सबै कुरा आफूसँग गरेको नेता नेपालले बताए । उनले भने- मैले उहाँका कमजोरीबारे बताएँ, एकताका लागि पहल गर्नुस् भनें । कुनै ठोस प्रस्ताव आएन, अर्को पटक फेरि बस्ने भनेर उठ्यौं ।' नेता नेपालले २०७५ जेठ ३ अघिको अवस्थाबाट पार्टीलाई फुटबाट जोगाउन सम्भव हुने बताएका थिए । जवाफमा ओलीले नयाँ परिस्थितिमा एमाले निकै अगाडि बढिसकेको बताएका थिए ।

'निर्णयहरू यथावत् छन्, गुटगत वार्ताभन्दा पनि आउने १० गतेको बैठकमा सहभागी हुन आउनुस् म आग्रह गर्छु, त्यहीं छलफल गरौं ।' ओलीले भने । उनीहरू दुई घण्टा सँगै बसे पनि आपसी गुनासोमै समय बिताएको सम्बद्ध स्रोतहरूको भनाइ छ ।

ओलीलाई भेटेर फर्किएपछि नेपालले ओलीको भनाइमा आफूलाई कुनै विश्वास नभएको बताएका छन् । ओलीले पनि बालुवाटारमा आफूले नेपाललाई गुटको गतिविधि नगरी पार्टीमा फर्किन आग्रह गरेको ब्रिफिङ गरेका छन् ।

प्रधानमन्त्री ओलीका आर्थिक सल्लाहकार मोतिलाल दुगडले दुवै नेताबीच सकारात्मक वार्ता भएको बताए । 'दुवैजना प्रफुल्ल मुद्रामा निस्किनुभयो,' दुगडले भने । दुवैजना तनावरहित मुद्रामा बाहिर निस्किएको भन्दै दुगडले वार्ता सकारात्मक रहेको बताएका हुन् । सरकारको नेतृत्व गरिरहेको एमालेभित्रको विवाद उत्कर्षमा पुगेको बेला ओली र नेपालबीच भेट भएको हो ।

ओली र नेपाल छुट्टाछुट्टै पार्टीको अभ्यासमा लागे पनि दुवै समूहका केही नेता एमाले कुनै हालतमा फुटाउन नहुने पक्षमा थिए । तिनै नेताहरूबीच भएका बारम्बारका संवादले ओली र नेपालबीचको भेट सम्भव भएको हो । ओलीसित भेट्न जानुअघि नेपाल पक्षधर स्थायी कमिटी सदस्यहरूको बैठक भएको थियो जसले पार्टी एकताका लागि आह्वान गर्ने निर्णय गरेको थियो ।

वरिष्ठ नेता झलनाथ खनाल र नेपालसहितका २७ संघीय सांसदलाई संसदीय दलका नेतासमेत रहेका प्रधानमन्त्री ओलीले स्पष्टीकरण सोधेपछि त्यसबारे धारणा बनाउन स्थायी कमिटी सदस्यहरूको बैठक बसेको हो । बैठकमा स्पष्टीकरणको प्रतिवादसहित जवाफ दिने निर्णयसँगै पार्टी एकताका लागि पहल गर्ने निर्णय भएको थियो । यसैबीच नेपाल पक्षीय एमाले नेता योगेश भट्टराईले प्रधानमन्त्री ओलीलाई उदारताका साथ पार्टी एकीकरणको अगुवाइ गर्न आग्रह गरेका थिए ।

## माले...

भएको छ । एकिकरण घोषणा-सभापूर्व बसेको नेकपा (माले) स्थायी कमिटीको विस्तारित बैठकले क.महेन्द्रलाई पार्टीको पोलिटव्युरो सदस्य, क.सुर्यलाई पोलिटब्युरोको बैकल्पिक सदस्य र क.श्रीकृष्णलाई पार्टीको केन्द्रीय कमिटीको सदस्यमा मनोनित गरेको थियो । घोषणासभामा महासचिव क.सी.पी.मैनालीले एकता प्रकृयाद्वारा केन्द्रीय नेतृत्वमा आउनु भएका कमरेडहरूलाई खादा र टिका सहित स्वागत गर्नु भएको छ ।

एकतामा आउनु भएका जनमोर्चा, नेपालका विभिन्न २७ जिल्लाका अन्य कमरेडहरूलाई पार्टीले प्रदेश, जिल्ला तथा स्थानिय कमिटी र पार्टी समर्थित विभिन्न बर्गीय जनसंगठनहरूमा योग्यता अनुसार जिम्मेवारी दिने निर्णय समेत गरिएको छ ।'

## भारतले...

तर, भारतले आफुखुसी तटबन्ध तथा स्पर निर्माण गर्दा बोर्ड राख्ने काम गर्दै आएको छ । विस २०११ सालमा नेपाल र भारत सरकारले कोसी सम्झौता गरी सप्तकोसीमा ५६ ढोकाको व्यारेज निर्माण गरिएको थियो ।

सप्तकोसीमा २०२२ सालमा व्यारेज सञ्चालनमा आएसंगै भारतले एकलौटी व्यारेज सञ्चालन गर्दा बर्खाको समयमा सुनसरी, उदयपुर र सप्तरी जिल्लाका वासिन्दा त्रासमा रहने गरेका छन् ।

२०६५ भदौ-२ गते सप्तकोसी नदीले पूर्वी तटबन्ध भत्काएर कोसी गाउँपालिकाका चारवटा बस्ती डुब्दा ७ हजार ५ सय ६३ परिवार विस्थापित भएका थिए । त्यो बेला तीन महिनाको निरन्तर प्रयासपछि सप्तकोसीलाई पुरानै धारमा फर्काइएको थियो । एकपटक पूर्वी तटबन्ध भत्काएर पुनः पुरानै अवस्थामा फर्काएपनि कुनै पनि बेला बिनासलिला मच्चाउन सक्ने त्रासमा बर्खाका बेला रहने गरेका छन् ।

२०२२ सालयता वराहक्षेत्र क्षेत्रका ३ हजार नौ सय परिवार पीडित भएको तथ्याङ्कले देखाएको छ । तथ्यांकअनुसार आठ हजार ६ सय विघा खेतीयोग्य उर्वर भूमि कोसीले कटान गरेको छ । यो तथ्यांक पूर्वप्रशासक रामप्रसाद खतिवडाको संयोजकत्वमा गठित उच्चस्तरीय समितिले पनि तयार गरेको थियो । मुआब्जाको आसमा उनीहरूको जीवनै बित्न लाग्यो । पीडित मुआब्जा होस् वा क्षतिपूर्तिको प्रतीक्षामै छन् ।

०४६ सालको परिवर्तनपछि बनेका हरेक सरकार र निर्वाचनताका प्रमुख मुद्दा बन्दै आएको यो पीडामा मल्हम लगाउन कसैले सार्थक प्रयास गरेको छैन ।

एकातिर स्थानीयले पीडामा छन् भने कोसी ब्यारेज र तटबन्धको काम थाल्दा नेपाल भारत साझेदारी परियोजनाको नाम गर्दा भारतले एकलौटी गर्नु हेपाहा प्रवृति भएको सीमाविद् गोपाल कोइरालाले बताए । परराष्ट्र मन्त्रालयका सहायक प्रवक्ता सुरेश अधिकारीले नेपालको सहमतिबिना भारतले कुनै पनि कार्य गर्न नपाउने बताए ।

## अख्तियारको...

उपलब्ध गराएर गर्ने 'स्टिङ अप्रेसन' ले व्यक्तिको स्वतन्त्रता र मर्यादामा आँच पुऱ्याउने काम गरेको भन्दै अधिवक्ता विष्णुप्रसाद घिमिरेले २ पुस २०७४ मा सर्वोच्चको संवैधानिक इजलासमा निवेदन दिएका थिए ।

अधिवक्ता घिमिरेको निवेदनमा 'स्टिङ अप्रेसन' संविधानले सुनिश्चित गरेको व्यक्तिको मर्यादा, गोपनीयता र स्वतन्त्रताविरुद्ध भएको र आयोग नियमावलीको नियम ३० को व्यवस्था (स्टिङ अप्रेसन गर्नसक्ने) संविधानका विभिन्न प्रावधानसँग समेत बाझिएको भन्दै त्यसलाई बदर गर्न माग गरिएको थियो । सर्वोच्चको निर्णयसँगै सो नियम आजैको मितिबाट अमान्य र बदर भएको छ ।

स्टिङ अप्रेसनसम्बन्धी नियमावलीको सो व्यवस्था नेपालको संविधानको धारा २० (९) मा रहेको स्वच्छ सुनुवाइसम्बन्धी प्रावधान तथा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ मा को भावना र मर्म अनुकूल नदेखिएको सर्वोच्चले ठहर गरेको छ ।

उल्लेखित प्रावधान प्रत्यायोजित विधायनसम्बन्धी अवधारणा अनुकूलसमेत रहेको नभएको सर्वोच्चले फैसलामा भनेको छ । 'सो प्रावधान अनुसन्धान अधिकारीलाई स्वेच्छाचारी तवरबाट कार्य गर्न प्रोत्साहित गर्ने प्रकृतिको देखियो,' आदेशमा भनिएको छ ।

त्यस्तै, नियमावलीको सो प्रावधान फौजदारी न्यायको मान्य सिद्धान्त, कानुनको उचित प्रक्रिया तथा प्रमाण संकलनसम्बन्धी न्यायिक मान्यताका दृष्टिले समेत मनासिव र तार्किक नदेखिएको फैसलामा उल्लेख गरिएको छ ।

आयोगले नियमावलीमा 'स्टिङ अप्रेसन'सम्बन्धी गरेको व्यवस्था स्वच्छ सुनुवाइसम्बन्धी संविधानको प्रावधान र भ्रष्टाचार निवारण ऐनसँग बाझिएको भन्दै संवैधानिक इजलासले नियमावलीको सो प्रावधान बदर गरेको हो । सो प्रावधान फौजदारी न्यायको मान्य सिद्धान्त र कानुनको उचित प्रक्रिया तथा प्रमाण संकलनसम्बन्धी न्यायिक मान्यताका दृष्टिले समेत तार्किक नदेखिएको सर्वोच्चको ठहर छ ।

## चीनले...

कसरतमा छ । मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) मार्फत ५० करोड डलरको चारो नेपाललाई फालेर चीनविरोधी कित्तामा उभ्याउने रणनीति अमेरिकाले अख्तियार गरेको छ । नेपाल अमेरिकी सुरक्षा राडरभित्र परिसकेको छ । तिब्बतलाई चीनबाट अलग गरी चिनियाँ सुरक्षालाई चुनौती दिन नेपालमा अमेरिकी सैनिक अखडा खोल्ने अमेरिकी मनसुवा सतहमै देखिएको छ । नेपालका राजनीतिक दलहरूमा आफ्नो पकड मजबुत बनाउन अमेरिका लागिपरिरहेको यथार्थतालाई नजरअन्दाज गर्न सकिन्न ।

अहिले नेपालको परराष्ट्र नीतिको तराजु इन्डो अमेरिकी ध्रुवतिर ढल्किएको आँकलन गरिँदैछ । सायद उत्तरी ड्रागनले यसलाई बुझेरै भनिसकेको छ, नेपालका राजनीतिक दलका नेताहरू सिआइए र रअका एजेन्ट मात्र रहेछन् । जब चीनले बोआओ फोरममा नेपाललाई निम्तो समेत दिएन, नेपाल हेर्ने चिनियाँ दृष्टिकोणमा बदलाव आएको आशंका गर्न सकिन्छ । यो साता पनि बोआओ सम्मेलन जारी छ, ६० भन्दा बढी देशको प्रत्यक्ष र भर्चुअल सहभागिता रहेको छ । तर प्रधानमन्त्री ओलीलाई चीनले यो सम्मेलनमा सहभागी हुन निमन्त्रणा दिएन । अन्तर्राष्ट्रिय मञ्चमा उच्च सहभागिताको निम्तो आतिथ्य सामान्य कुरा होइन । सन् २००१ म बोआओ फोरमको थालनीमा राजा वीरेन्द्रले चिनियाँ राष्ट्रपतिको निम्तो पाएका थिए । पछिल्ला वर्षमा सन् २०१५ मा राष्ट्रपति रामवरण यादव, सन् २०१६ मा प्रधानमन्त्री केपी शर्मा ओली र सन् २०१७ मा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड सहभागी थिए । तर सन् २०१८ को बोआओ मञ्चमा निम्तो पाएर पनि प्रधानमन्त्री ओली नगएपछि चीनले वास्ता नै गर्न छोडेको हो । त्यसबेला ओली बोआओ मञ्चमा नगई भारत भ्रमणमा गएका थिए ।

चीनले उत्तरतर्फका नाकाहरूमा कडाइ गरिरहेको छ । कहिले भूकम्पका नाममा त कहिले कोरोनाका नाममा मालबाहक ट्रक, आयात निर्यातका सवारी नियन्त्रितझैँ छन् । चीनले नेपालप्रति गरिरहेको व्यवहार भारतले लगाएको नाकाबन्दीको झल्को दिने खालको छ । कूटनीतिक विग्रह र चिसोपनको संकेत बोआओ फोरमबाट फेरि थपिएको छ । नेपाल स्वयं संस्थापक सदस्य रहेको बोआओ फोरममा उच्च्स्तरीय सहभागिताका लागि निम्तोसम्म नदिएको घटना चानचुने अवश्य होइन । चीन नेपालको वैदेशिक नीतिप्रति असन्तुष्ट छ भन्ने प्रस्ट हुन्छ ।

## सेमी...

विद्यालय र कलेजका पूर्वनिर्धारित परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक परीक्षा भने जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन हुनेछन्। सिनेमा हल, पार्टी प्यालेस, दोहोरी, डान्स क्लब, हेल्थ क्लब, जिम खाना, पौडी पोखरी, फुटसल, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शकसहितका खेल र मानिसको भीडभाड हुने सबै प्रकारका कार्य पनि वैशाख मसान्तसम्म बन्द गरिएको छ । मठमन्दिर, मस्जिद, गुम्बा, चर्चलगायत धार्मिकस्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी वैशाख मसान्तसम्म नित्यपूजा, ध्यान र प्रार्थना मात्र गर्न पाउने, एक पटकमा २५ जनाभन्दा बढी हुन नहुने, सामाजिक दूरी अवलम्बन गर्ने गरी शपिङ मल, डिपार्टमेन्टल स्टोर सञ्चालन गर्ने, मास्क र साबुनपानीको व्यवस्था व्यवस्थापकले नै गर्नुपर्ने, मेला, जात्रा, पर्व, विवाहलगायत धार्मिक अनुष्ठान र मलामीलगायत धार्मिक तथा परम्परागत कार्यक्रममा २५ जनाभन्दा बढी सहभागी हुन पाइने छैन ।

विवाह वा व्रतबन्धका लागि पार्टी प्यालेसको प्रयोग गर्नु पर्दा स्थानीय प्रशासनको पूर्वस्वीकृति लिनुपर्ने, सभा, सम्मेलन, गोष्ठी, तालीमलगायत क्रियाकलाप सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्नुपर्ने, भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा २५ जना मात्र उपस्थित हुनुपर्नेछ । सार्वजनिक यातायातमा सिट क्षमताभन्दा बढी यात्रु नराख्ने, यात्रुलाई मास्क अनिवार्य गर्ने, सवारी साधनको ढोका र भित्र सेनिटाइजरको अनिवार्य व्यवस्था गर्ने, चालक र सवारी चालकले मास्क अनिवार्य लगाउनुपर्ने, सवारी सधानलाई दैनिक निसंक्रमण गर्नुपर्नेछ ।

हवाईजहाजका चालक र यात्रुलाई अनिवार्य मास्क, जहाज र झोलालाई स्यानिटाइज गर्नुपर्ने, कार्यालय र पसलमा स्यानिटाइजरको व्यवस्था अनिवार्य गर्ने, कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले रु १० लिई मास्क प्रदान गर्नुपर्ने, मास्क नलगाउने व्यक्तिलाई कार्यालय प्रवेशमा रोक लगाउने आदेश जारी गरिएको मन्त्री गुरुङले जानकारी दिए ।

यस्तै होटेल तथा रेष्टुरेन्टले बिहान ८ देखि बेलुका ८ बजेसम्म स्वास्थ्य मापदण्ड पालना गरी सेवा दिनुपर्ने, अन्य समयमा होम डेलिभरी गर्नुपर्ने, राष्ट्रिय राजमार्गमा सञ्चालित होटेल तथा रेष्टुरेन्टले जनस्वास्थ्यका मापदण्ड पालना गरी भीडभाड हुन नदिने व्यवस्था मिलाउने, नेपाल राष्ट्र बैंकले विद्युतीय भुक्तानी प्रणाली लागू गर्न व्यवस्था मिलाउने, नियमित सञ्चालन हुने स्वास्थ्य संस्था स्वास्थ्य मापदण्ड पालना गरी सञ्चालन गर्नुपर्नेछ ।

## स्वास्थ्य...

मिलाइएको उहाँले सुनाउनुभयो । यसैगरी गोकर्णेश्वर नगरपालिका वडा नं.-९ स्थित आरुबारीमा रहेको श्रीरामचन्द्र मन्दिरमा पनि भक्तजनको घुइँचो लागेको छ । भक्तजन उपस्थित भएका मन्दिरमा सरकारले जारी गरेको मापदण्ड बमोजिम एकपटकमा २५ जनाभन्दा बढी भक्तजनलाई दर्शनका लागि लाममा नराखिएको मन्दिर व्यवस्थापन समितिले जनाएका छन् । मन्दिर प्रवेश गर्ने भक्तजनलाई मास्क अनिवार्य लगाउनुपर्ने व्यवस्था गरिएको छ । मास्क नलगाउनेलाई प्रवेश दिइएको छैन ।

## विदेशी...

दशमलव २ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, सञ्चितीका रूपमा ४२ दशमलव ८ प्रतिशत अर्थात् ७८ अर्ब रुपैयाँ छ भने ऋणका रूपमा ९ प्रतिशत अर्थात् १६ अर्ब रुपैयाँ विदेशी लगानी छ ।

विदेशी लगानीका कम्पनीहरूमा भएको १ खर्ब ८२ अर्ब प्रत्यक्ष वैदेशिक लगानीमा भारतको हिस्सा सबैभन्दा धेरै छ । भारतको मात्रै ३० प्रतिशत (५६ अर्ब रुपैयाँ)बराबरको विदेशी लगानी नेपालमा रहेको प्रतिवेदनले उल्लेख गरेको छ । भारतपछि चीनको हिस्सा १५ प्रतिशत अर्थात् २७ अर्ब ५६ करोड रुपैयाँ छ । मुलुकमा विदेशी लगानी भित्रने तेस्रो ठूलो मुलुक भने 'ट्याक्स हेवन' सेन्ट किट्स एन्ड नेभिस छ । नेपालमा हालसम्म त्यस मुलुकको लगानी २४ अर्ब ९३ करोड रुपैयाँ अर्थात् कुल विदेशी लगानीको १३ दशमलव ६ प्रतिशत छ । त्यसपछि नेपालमा लगानी हुने प्रमुख मुलुकहरूमा आयरल्यान्ड, सिंगापुर, अस्ट्रेलिया, युएई, बंगलादेश, दक्षिण कोरिया, अमेरिकालगायत मुलुक छन् । तर, कुल वैदेशिक लगानीमा ती कुनैको पनि हिस्सा १० प्रतिशतभन्दा माथि छैन । मुलुकमा हालसम्म ५३ मुलुकबाट विदेशी भित्रिएको पनि प्रतिवेदनले उल्लेख गरेको छ ।

मुलुकमा भित्रिएको कुल वैदेशिक लगानीमध्ये सबैभन्दा धेरै ५१ प्रतिशत सेवा क्षेत्रमा र बाँकी अन्य क्षेत्रमा रहेको पनि प्रतिवेदनले उल्लेख गरेको छ । औद्योगिक विभाजनअनुसार प्रशोधन तथा खानी उद्योगमा २८ दशमलव ६ प्रतिशत विदेशी लगानी मुलुकमा रहेको पनि प्रतिवेदनले उल्लेख गरेको छ । त्यस्तै, दोस्रोमा रहेको वित्तीय क्षेत्रमा २७ दशमलव ४ प्रतिशत तथा विद्युत्, ग्यास र पानीसम्बन्धी क्षेत्रमा करिब २० प्रतिशत विदेशी लगानी रहेको पनि प्रतिवेदनले उल्लेख गरेको छ ।

## रामनवमी...

मार्गमा लाग्न प्रेरणा दिनुभएको रामायण लगायत ग्रन्थमा उल्लेख गरिएको छ । उहाँको जन्म भएको सम्झनाका आधारमा रामनवमी पर्व मनाउन थालिएको विभिन्न धार्मिक ग्रन्थमा उल्लेख छ । रामनवमीमा राम मन्दिर एवं घर घरमा रामायण पाठ गरिन्छ । मर्यादा पुरुषोत्तम श्रीरामचन्द्रका गुणको विवेचना गरिनुका साथै तिनलाई अनुसरण गर्ने वाचासमेत गरिन्छ ।

मर्यादा पुरूषोत्तम भगवान रामको जन्मजयन्ती रामनवमीका दिन जनकपुरधाममा श्रद्धा एवं हर्षोल्लास साथ रामनवमी पर्व मनाउने चलन छ । रामको प्रेमभूमि र ससुराली, सीताको जन्मभूमि जनकपुरधामको प्राचीन राम मन्दिरमा श्रीरामको जन्मजयन्तीमा श्रद्धालु र साधुसन्तको उल्लेख्य सहभागिता हुने गर्छ । सो परिसरमा श्रद्धालुद्वारा भजन, कीर्तनका साथै मिथिलाञ्चलमा जन्म संस्कारमा गाइने गीतले वास्तविक जन्मोत्सव झैं अनुभूति गराउँछ ।

त्रेता युगमा चैत शुक्ल नवमीका दिन रामको जन्म भएको शास्त्रमा उल्लेख छ र सोही दिनलाई रामनवमी भनिन्छ । भगवान राम सूर्यवंशी क्षत्रीय राजकूलका ६१औं पुस्ताका राजा मानिन्छन् । उनी महाराजा दशरथका जेठा छोरा थिए ।

राम शब्द रम् धातुबाट बनेको हो जसको अर्थ क्रीडा, खेल र आनन्द हो । विद्वानहरूले यसलाई विभिन्न प्रकारले अर्थ लगाए पनि रामको अलौकिक सौन्दर्यमा जीव मात्रलाई रमाउने जुन क्षमता छ, त्यसैकारण भगवानको नाम राम परेको हो भनिन्छ ।

राम परब्रम्ह, परम तप, परम तारक ब्रम्ह भएको विश्वासका आधारमा मानिसले आफ्ना सन्तति र ठाउँको नामसमेत राम राखेको पाइन्छ । यस सन्दर्भमा महर्षि वैदिक विश्वविद्यालयमा गरिएको एक शोधमा विश्वमा रामको नाम जोडिएका एक हजारभन्दा बढी शहरको नाम पत्ता लागेको छ । धार्मिक ग्रन्थहरूमा शिवको रामभक्ति, हनुमान, नारद, अत्रि, अनुसूया, भरत, शबरी आदिको भक्ति एवं उपासना अद्वितीय रहेको छ ।

कल्याण स्वरूप, सत्य स्वरूपका रूपमा पूजा गरिने राम पुण्य र मोक्षदायकको रुपमा अर्थ्याउने गरिन्छ । राम शब्द स्वयम्मा सच्चिदानन्द शब्द पनि हो । रामनवमी व्रत जसले गर्छ, उसले सम्पूर्ण पाप नाश गरी सिद्धि पाउँछ भनी विभिन्न शास्त्रमा वर्णन गरिएको छ । विश्वका महापुरूषको परम्परामा राम एक मात्र मर्यादा पुरूषोत्तम हुन् भन्ने उनको राज्य व्यवस्था र आदर्श लोकतन्त्रका लागि प्रेरणाको स्रोत मानिन्छ ।

आज पनि सुशासन, सुव्यवस्था आदि लोककल्याण्कारी आदर्श व्यवस्थाका लागि शास्त्रीय गुणलाई एउटै शब्दमा प्रष्ट अभिव्यक्ति दिन रामराज्य शब्दलाई पूर्ण मानिएको छ । अझ देशभक्ति, पितृभक्ति, मातृभक्ति, भ्रातृप्रेम, प्रजावात्सल्य, सरलता, सहिष्णुता, धार्मिकता, नैतिकता, क्षमाशीलता, वीरताका उदाहरण दिँदा पनि रामलाई नै सम्झिने गरिएको छ ।


कोभिड १९ र बन्दाबन्दीका कारण
बढ्दो आत्महत्या न्यूनीकरणका लागि निम्नानुसार गरौं

- आत्महत्याको जोखिपूर्ण वर्गको पहिचान गरी मनोसामाजिक परामर्श प्रदान गरौं ।
- सकारात्मक विभेदको नीतिको आधारमा गरिबीको रेखामूनीको वर्गको रोजगारीमा पहुँच अभिवृद्धि गरौं ।
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षाको दायरा अभिवृद्धि गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग